# मध्यकालका शुरूका केही अभिलेख

- धनवज्र वज्राचार्य

यस निबन्धमा मध्यकालका शुरूका चार वटा अभिलेखहरू व्याख्यासहित दिइएका छन् । जनताले देवता स्थापना गरी, धारा पाटी-पौवा आदि बनाई राखिएका यी फाटफुट अभिलेखहरूले पनि तात्कालिक अवस्थामा के कति प्रकाश पार्दछन् भन्ने कुराको विवेचना अभिलेखको व्याख्याको प्रसङ्गमा तत् तत् ठाउँमा गरिएको छ । तात्कालिक नेपालको वस्तुस्थिति बुझ्न मदत गर्ने केही विषयको विवेचना भने प्रस्तावनाको रूपमा पहिले नै दिनु आवश्यक छ जस्तो मलाई लागेको छ । यसो हुँदा पाठकको सुबिधाको लागि केही त्यस्ता कुराको चर्चा यहाँ गरिन्छ ।

सनदपत्ररूपका शिलालेखको अभाव-

मध्यकालभन्दा अगाडिको युगका अर्थात् लिच्छविकालका दुइ शय जति शिलालेख प्राप्त भइसकेका छन्[1] । तिनमध्ये निकै अभिलेख सनदपत्र-रूपका छन् । लिच्छविकालका शासकहरूले बाँधेका स्थितिबन्देजहरू तिनमा परेका छन् । त्यस वेलाका कति अभिलेख साहित्य, दर्शन आदि दृष्टिकोणले पनि उल्लेखनीय छन् । यसो हुँदा लिच्छविकालका कुरा बुझ्न ती अभिलेखहरू ज्यादै उपयोगी रहेका छन् । तर यो अवस्था मध्यकालको शुरूमा रहेन । अब पहिले जस्ता उपयोगी शिलालेख प्राप्त हुन छोड्यो । मध्यकालको शुरूमा मात्र होइन; लिच्छविकालको पछिल्ला केही शताब्दीमा पनि यो अवस्था रहेन । द्वितीय जयदेवको समयसम्म लिच्छविकाल गौरवपूर्ण रहेको थियो । स्वयं शासक नै विद्वान् तथा विद्याको कदर गर्ने रहेका हुँदा त्यस वेलासम्म विद्याको स्तह निकै उठेको थियो । यस कुराको स्पष्ट उदाहरण द्वितीय जयदेवको पशुपतिको शिलालेख नै रहेको छ । फेरि जयदेव एक असल कवि राजा मात्र थिएनन्; उनको राजनैतिक महत्त्वाकाङ्क्षा पनि निकै ठूलो रहेको थियो । यस कुराको पुष्टि उनले लिएको 'परचक्रकाम' (अरूको मुलुक जित्न खोज्ने) भन्ने उपनामबाट हुन्छ । राज्यविस्तार गर्ने मनसुवा द्वितीय जयदेवको थियो भन्ने कुरा यस उपनामबाट थाहा पाइन्छ[2] । यसरी यस वेलासम्म लिच्छवि राजाहरूको मनोबल पनि घटिसकेको थिएन; बरू उच्च नै थियो भन्ने संकेत पाइन्छ । तर जयदेवपछिको नेपालको इतिहास अकस्मात् कसरी अन्धकारमय हुन पुग्यो; त्यस वेलाका शासकहरूले जनताको हितका लागि स्थितिबन्देज बाँधी सनदपत्र-रूपका शिलालेखहरू किन राख्न लाएनन्; त्यति उच्च स्तहमा पुगेको क्रियाकलाप एकदम कसरी सेलायो; यो प्रश्न इतिहासकारहरूको लागि ज्यादै गम्भीर समस्याको रूपमा अगाडि तेर्सिएको छ ।

यस बीच जनताले राख्न लाएका केही अभिलेख नपाइएका होइनन्[3] । तर ती पनि निकै कम छन् । पाइएका अभिलेखको स्तर पनि त्यति उठ्न सकेको छैन । यही अवस्था मध्यकालको शुरूसम्म अर्थात् नेपाल संवत्का शुरूका केही शताब्दीसम्म नै रह्यो ।

यस वेलाका आर्थिक अवस्था, सांस्कृतिक गतिविधि आदि कुराको अलि गहिरिएर अध्ययन मनन गर्‍यौं भने यसवेला नेपालको पतनचाहिं भएको होइन भन्ने स्पष्ट रूपमा देखापरेको छ । भोटसँगको व्यापारसम्बन्ध, नेपालउपत्यकाका तीन प्रमुख शहर र आसपासका अरू साना शहरहरूको विकास; प्रशस्त संख्यामा ठूलठूला धातुका देवमूर्तिहरूको निर्माण[4] आदि कुराले त्यस वेलाको आर्थिक अवस्था राम्रै थियो भन्ने कुराको पुष्टि गर्दछन् । शैव र बौद्ध दुवै सम्प्रदायमा यस ताका तन्त्रसिद्धान्तले प्रश्रय पाई जुन नयाँ नयाँ आयाम थपिए; त्यसले गर्दा त्यस वेलाको समाजको गतिशीलतालाई औंल्याएको छ । यस युगमा विद्याको क्षेत्रमा पनि त्यति अवनति

भएको थिएन; भोटमा समेत विद्याप्रसारमा नेपाली विद्वान्हरूले प्रशस्त मात्रामा सघाउ पु-याएको उदाहरण पाइने हुनाले यहाँ त्यसबेला विद्वान्हरूको अभाव थिएन भन्ने संकेत पाइन्छ । कलाको क्षेत्रमा पनि यस बेला प्रगति रोकिइसकेको थिएन । नेपाली कलाकारहरूको शिल्पकलाबाट प्रभावित भई विदेशमा समेत नेपाली कलाकारहरूको माग बढेको युग पनि यसै ताकाको हो भन्न सकिन्छ । साथै यस बेलासम्म नेपालराज्य टुक्रिइसकेको थिएन; 'नेपालमण्डल' भित्र अनेक 'विषय'-हरू सम्मिलित थिए । यस ताका पनि केही प्रसिद्ध शासकहरू नभएका होइनन् । यसो हो तापनि मध्यकालका शुरूका शासकहरूले राख्नलाएको व्यवस्थाप्रधान सनद शिलापत्र एउटा पनि किन पाइएन; यो विचारणीय कुरा रहेको छ ।

यसमा अनेक कारण रहे होलान् । तर तिनमध्ये एउटा प्रमुख कारण अब व्यवस्थासम्बन्धी कुरा शिलालेखमा कुँदुन नलाएर ताम्रपत्रमा कुँदाउन लाउनु हो जस्तो मलाई लागेको छ । व्यवस्था-सम्बन्धी कुरा ताम्रपत्रमा कुँदाउन लाउने चलन लिच्छविकालमा पनि चलिसकेको थियो । नरेन्द्रदेवको देउपाटन कसाईटोलको अभिलेखमा 'पाञ्चाली' (पञ्चायत)सम्बन्धी व्यवस्था ताम्रपत्रमा लेखिएको कुराको उल्लेख गरेको छ[५] । यो चलन लिच्छविकालको अन्त्यमा तथा मध्यकालको शुरूमा अझ बढी चलेको बुझिन्छ । यसरी अब शासकहरूले व्यवस्थासम्बन्धी कुरा शिलापत्रमा कुँदाउन छोडी ताम्रपत्रमा कुँदाउन थाले । मध्यकालको उत्तरार्धमा प्रचलित चलनतिर यसो दृष्टि दियौं भने यस कुराको आभास हामी सजिलैसँग पाउँछौं । यस बेला पनि स्थायी रूपमा रहोस् भनी चाहिएको कुरा ताम्रपत्रमा नै कुँदाइन्थ्यो । राजाहरूको परस्परमा भएका सन्धिहरू[६]; जग्गासम्बन्धी कुराहरू, धार्मिक विधान वा गुठीसम्बन्धी कुरा र यस्तै चिरस्थायी गर्न चाहिएका यावत् कुरा प्राय: ताम्रपत्रमै कुँदाइएको हामी पाउँछौं ।

व्यवस्थाहरू शिलापत्रमा कुँदाई राख्ने चलन यसको स्थायित्वले गर्दा नै चलेको हो । शिलापत्रहरूमा "चिरस्थितये चास्य प्रसादस्य शिलापट्टकेन प्रसाद:कृत:" भनी यस कुराको स्पष्ट उल्लेख गरिएको पनि पाइन्छ । शिलापत्रमा भन्दा ताम्रपत्रमा अझ बढी स्थायित्व रहेको छ । यसो हुनाले पछि त्यतातिर झुकाव बढ्यो । तर यसको परिणाम भने त्यति राम्रो निस्केन । ढुङ्गाको विशेष मूल्य नहुनाले शिलापत्रहरू त्यसै मासिएनन्; शिलापत्रमा कुँदाइएका कुरा कति साबुत रूपमा, कति अस्पष्ट र खण्डित अवस्थामा भए पनि अहिलेसम्म पनि पाइए । तर तामा केही मूल्यवान् हुनाले ताम्रपत्रहरू प्राय: गालिन्थे । ऐतिहासिक ज्ञानको महत्वको कमीले गर्दा यसो भएको हो । यसका अनेक उदाहरण पाइन्छन् । जनताका घरमा रहेका ताम्रपत्रको त कुरै छाडौं; प्रसिद्ध सार्वजनिक स्थलमा रहेका ताम्रपत्रहरू पनि गालिन्थे । प्रसिद्ध देवस्थलमा रहेका ताम्रपत्रहरूको समेत राम्ररी बचाउ हुन सकेको देखिंदैन[७] । सात साल यता आएर ऐतिहासिक सामग्रीको महत्वको ज्ञान बढ्यो । तर यही ज्ञान नै प्रकारान्तरले हाम्रा ऐतिहासिक ताम्रपत्रहरूको लोपको कारण पनि बन्यो । ताम्रपत्र यताउता लान सजिलो हुँदा प्रशस्त मात्रामा विदेशिन थाले । मल्ल राजाहरूले स्थितिबन्देज बाँधी राखेका अनेक ताम्रपत्रहरू ललितपुर-दरबार-भित्र पहिले थिए । अब एक दुइटा बाहेक अरू त्यहाँका महत्वपूर्ण ताम्रपत्रहरू हराइसके । यही दशा अन्त पनि रह्यो ।

यति कुरा गर्नुको तात्पर्य मध्यकालका पूर्वार्धका शासकहरूले राख्न लाएका सनद-शिलापत्र-हरू नपाइए पनि त्यस बेलाका ताम्रपत्रहरू भने पाइने संभावना अझ निकै छ भन्ने हो[८] । त्यस्ता ताम्रपत्रहरूको खोजीतर्फ इतिहास-अन्वेषकहरूले विशेष ध्यान दिनुपरेको छ । यसो गर्न सके त्यस बेलाको अन्धकारपूर्ण युगमा प्रकाश पर्नेछ ।

द्वैराज्यशासनपद्धति (संयुक्त शासनपद्धति)-

मध्यकालको शुरूदेखि अन्त्यसम्म अर्थात् विक्रमको दशौं शताब्दीदेखि उन्नाइसौं शताब्दीसम्म नेपालको इतिहासमा द्वैराज्यशासनपद्धतिले असर पारेको छ । यो अर्को विचारणीय कुरा रहेको छ । यस कारण यसबारे यहाँ संक्षेपमा मात्र भए पनि केही विवेचना गर्नुपरेको छ ।

प्राचीन कालदेखि प्रचलित अनेक किसिमका शासनपद्धतिमध्ये 'द्वैराज्य' शासनपद्धति पनि एक हो । 'एकराजतन्त्र' पद्धतिमा गद्दीको हकदार एक जना मात्र हुन्छ; शासनाधिकार एक जनामा मात्र केन्द्रित रहन्छ । 'द्वैराज्य' पद्धतिमा गद्दीका हकदार दुइ वा दुइभन्दा बढी पनि हुन सक्छन् । अर्थात् एक किसिमको संयुक्तशासनपद्धति यो हो । द्वैराज्य पद्धतिमा बाबु छोराको संयुक्त शासन पनि चलन सक्दथ्यो; दाजु भाइहरूको संयुक्त शासन पनि चलन सक्दथ्यो[८] । दुइ जनाको संयुक्त शासन चल्दा कहिलेकहीं आधा आधा इलाका छुट्याइएको हुन्थ्यो तापनि राज्य दुइ टुक्रा पारिएको चाहिं हुँदैनथ्यो । दुइ राज्यका रूपमा भिन्नाभिन्नै नामकरण हुँदैनथ्यो; राज्य एकै मानिन्थ्यो; शासन मात्र दुइ जनाको चल्दथ्यो । द्वैराज्य शासनमा प्राय: इलाका छुट्याउने काम पनि हुँदैनथ्यो; संयुक्त रूपमै दुइ वा दुइभन्दा बढी शासकहरू घोषित गरिन्थे ।

'द्वैराज्य' पद्धतिको कहीं राम्रो नतीजा निस्केको र कहीं नराम्रो नतीजा निस्केको हुनाले यस पद्धतिबारे पुराना शास्त्रकारहरूमा मतभेद रहेको छ । यसो हुनाले आचार्य कौटल्यले यस विषयको विचार 'व्यसनाधिकरण'मा गई गरेका छन् । द्वैराज्यपद्धतिमा प्राय: शासकवर्गमध्ये आफूआफूमै संघर्ष हुने हुनाले यसको नाश हुने गर्दछ; यसकारण वैराज्यभन्दा द्वैराज्यपद्धति खराब छ भन्ने भावको कुरा केही पूर्वाचार्यहरूले व्यक्त गरेका छन् । तर आचार्य कौटल्यले 'वैराज्य' भन्दा त 'द्वैराज्य' पद्धति नै बरू असल हुन्छ; किनभने यसमा राज्य बाबु छोरा, दाजु भाइहरूको साझा हुने हुनाले अमात्यहरूले मनपरी गर्न पाउँदैनन् भन्ने भावको आशय व्यक्त गरेका छन्[१०] । जे होस्; व्यसनाधिकरणमा 'राजराज्ययोर्व्यसनचिन्ता' प्रकरणमा आएर यस विषयमा विचार गरिएको हुनाले द्वैराज्य शासन पद्धतिबाट राज्यमा व्यसन आइपर्न सक्छ; वैराज्य पद्धति भन्दा मात्र यो पद्धति केही असल हो भन्ने विचार कौटल्यको पनि रहेको स्पष्ट छ ।

लिच्छविकालमा नेपालमा 'द्वैराज्य' पद्धति चलेको देखिएको छैन । लिच्छविकालमा उठानमा कस्तो शासनव्यवस्था चलेको थियो भन्ने कुरा सामग्रीको अभावले गर्दा थाहा पाउन सकिएको छैन । तर जब केही प्रामाणिक इतिहास पत्तालाग्छ; त्यसवेला राजक्रम वंशानुगत भएको हामी पाउँछौं । अर्थात् त्यसवेला प्राय: बाबुपछि छोरा गद्दीमा बस्ने 'एकराज' पद्धति नै कायम भएको देखिएको छ । बरू लिच्छवि राजा गद्दीमा रहे तापनि शासनाधिकार लिच्छविभन्दा भिन्न अर्कै वंशका व्यक्तिको हातमा पुगेको उदाहरण भने लिच्छविकालमा पाइन्छ । साथै क्रमश: शासनाधिकार हात लाउँदै गई लिच्छवि राजासँग अरू गुप्त आदि संयुक्त राजा हुन पुगेको उदाहरण पनि लिच्छविकालमा पाइन्छ[११] । तर लिच्छवि-राजवंशजहरूकै मध्यमा बाबु छोरा वा दाजु भाइहरूको 'द्वैराज्य' रूपको संयुक्त शासन चलेको उदाहरण भने लिच्छविकालमा पाइएको छैन ।

मध्यकालको शुरूदेखि भने नेपालमा 'द्वैराज्य' शासन बराबर कायम भएको हामी पाउँछौं । यस पद्धतिले पूरै मध्यकालको राजनीतिलाई प्रभावित पारेको देखापरेको छ । यस कुराको पुष्टिको लागि उदाहरणका रूपमा तात्कालिक केही घटनालाई औंल्याउनुपरेको छ ।

ने.सं.११६ (वि.सं.१०५५)मा लेखिएको 'अष्टसाहस्त्रिका प्रज्ञापारमिता' भन्ने हस्तलिखित ग्रन्थबाट त्यस बेला राजा नरेन्द्रदेव र उदयदेवको संयुक्त शासन अर्थात 'द्वैराज्य' चलिरहेको थियो भन्ने थाहा पाइन्छ । यी नरेन्द्रदेव र उदयदेवमा के नाता पर्दथ्यो भन्ने दर्शाउने प्रमाण पाउन सकिएको छैन । शायद यी दुइ दाजु भाइ हुन् । जे होस्; यी दुइको संयुक्त राज्य चलेको थियो भन्ने कुराचाहिं उपर्युक्त ग्रन्थमा उल्लिखित "सम्वत् ११६ मार्गशिर शुक्लदिवापूर्णमास्यां---महाराजाधिराज परमेश्वरश्रीनरेन्द्रदेवभट्टारकस्य श्रीउदयदेवयो भट्टारकयो उभयराज्ये लिखितम्" यस पुष्पिकावाक्यबाट थाहा पाइन्छ[१२] । यहां प्रयुक्त 'उभयराज्य' शब्दले 'द्वैराज्य'लाई नै लक्ष्य गरेको हो भन्ने कुरामा शङ्का छैन । मध्यकालको उत्तरार्धसम्म पनि दुइ जनाको संयुक्त राज्यलाई 'उभयराज्य' भनिन्थ्यो । यसै गरी उभयशब्दकै अनुकृतिमा तीन जनाको संयुक्त शासनलाई 'त्रिभय'[१३] चार जनाको संयुक्तशासनलाई 'चवभय'[१४] पांच जनाको संयुक्त शासनलाई 'पञ्चभय'[१५] भन्ने शब्दहरूको समेत प्रचलन भएथ्यो ।

यसको लगत्तैपछि ने.सं.१२८ (वि.सं.१०६४)को अर्को हस्तलिखित ग्रन्थबाट त्यसबेला निर्भयदेव र रुद्रदेवको संयुक्त शासन चलिरहेको पाइन्छ । त्यस हस्तलिखित ग्रन्थमा[१६] सो संयुक्त शासनलाई स्पष्ट रूपमा 'द्विराज्य' शब्दद्वारा नै व्यक्त गरिएको छ । विचारार्थ त्यसको एक अंश यहां उद्धृत गर्नुपरेको छ -

> अब्दे सते साष्टकविंसयुते मासि शुभि फाल्गुणशुक्लपक्षे । ---
> श्रीनिर्भयस्य नृपतेः सुरसन्निभस्य
> श्रीरुद्रदेववसुधाधिपतेश्च रम्ये ।
> एवं द्विराज्यक्रमतोयतपात्रवर्गे ---

यसको लगत्तैपछि भोजदेव अगाडि देखापर्छन् र रुद्रदेव र भोजदेवको 'द्वैराज्य' चल्दछ । पाटन गचाननीको ने.सं.१३२ (वि.सं.१०६६)को अभिलेखबाट रुद्रदेव र भोजदेव काका भतिजा हुन् भन्ने थाहा पाइन्छ । अमावास्यामा चन्द्र र सूर्य सँगै रहे जस्तै काका भतिजा सँगै रही शासन गरिरहेका छन् भन्ने वर्णन पनि सो अभिलेखमा परेको छ[१७] ।

यसको केही कालपछि रुद्रदेव, भोजदेवको साथै लक्ष्मीकामदेव पनि यस संयुक्तशासनमा सम्मिलित हुन्छन् । यो कुरा ने.सं.१३५ (वि.सं.१०७१)मा लेखिएको एक हस्तलिखित ग्रन्थबाट थाहा पाइन्छ[१८] । त्यसको एक अंश यस प्रकारको छ -

> पञ्चत्रिंशाधिकेब्दे शततमप्रमिते चैत्रमासे हिमांशे
> विख्यातेस्मिन् दशम्यान्दितिजरिपुगुरौवासिरे संप्रसस्ते ।
> राज्ञि श्रीभोजदेवेप्यमितगुणगणालब्धश्रीरुद्रदेवे
> श्रीलक्ष्मीकामदेवैररिगजकुलिशैरर्धराज्येपभुक्ते ।।"

यी केही उदाहरणबाट मध्यकालको शुरूतिर नेपालको शासनमा 'द्वैराज्य'पद्धतिले स्थान पाएको थियो भन्ने सिद्ध हुन्छ । यसरी संयुक्त शासन चलेको थियो तापनि प्रायः गरी यिनीहरूमा अधिकार-विभाजन आदि भने भएको हामी पाउंदैनौं । यसो हुंदा यिनमा जो बाठा हुन्थे; तिनले अरूलाई अंठ्याई शासनाधिकार एक्लौटी पार्ने चेष्टा गर्दथे । यसबाट परस्परमा कहिलेकाहीं संघर्ष पनि हुन्थ्यो । यसरी यो चलनले केन्द्रको शासनमा क्रमशः कमजोरी ल्याउन थाल्यो ।

यसको केही कालपछि द्वैराज्यपद्धतिमा देखापरेको संघर्ष टाल्ने अर्को नयां प्रयोग भएको

हामी पाउँछौं । त्यसवेला (विक्रमको बाह्रौं शताब्दीको उत्तरार्धमा) केन्द्रको शासन एकचोटि फेरि केही मजबुत भयो । शिवदेव जस्ता योग्य शासक त्यसवेला पैदा भए । उनले आर्थिक उन्नतितिर पनि दृष्टि दिए; विद्वान्हरूलाई पनि प्रश्रय दिए; साथै शासनव्यवस्थामा सुधार गर्ने चेष्टा पनि गरेको बुझिन्छ । दाजु भाइहरूको संयुक्तशासन खडा गर्नु सट्टा दाजु पछि भाइ नै विधिवत् उत्तराधिकारीका रूपमा गद्दीमा बस्ने प्रथा त्यसवेला प्रचलनमा ल्याइयो । त्यसअनुसार आनन्ददेव, रुद्रदेव, अमृतदेवहरूले क्रमश: शासन गरे । यो प्रथा धेरैकालसम्म प्रचलनमा आउन नपाउँदै अर्को राजवंश शक्तिमा आयो । त्यो हो मल्लवंश । यस वंशका अरिमल्ल, अभयमल्लहरूले बाबुपछि छोरा गद्दीमा बस्ने क्रम नै चलाए । तर यसको लगत्तै पछि पुरानो 'देव' कहलाएको राजवंश र मल्लराजवंशमध्ये एकान्तर रूपमा गद्दीमा बस्ने विचित्र शासनपद्धति अस्तित्वमा आयो । यस पद्धतिअनुसार एक राजवंशका व्यक्ति गद्दीमा बसेका छन् भने अर्को राजवंशका व्यक्ति युवराज घोषित गरिन्थे । जस्तै जयभीमदेव राजा गद्दीमा बसेको वेला उनका छोरा युवराज घोषित गरिएनन्; अर्को वंशका युवराज बनाइए । राजा अनन्तमल्ल गद्दीमा बस्दा उनका छोरा अरिमल्ल युवराज भएनन्; जयभीमदेवका छोरा जयादित्यदेव युवराज घोषित गरिए । दुइ राजवंशमा एकान्तर रूपमा गद्दीमा बस्ने यस पद्धतिले त पछि केन्द्रमा खुला संघर्षलाई नै निम्त्यायो । यसमा बाहिरका खसराज्य र तिरहुतराज्यले समेत हस्तक्षेप गर्न थालेपछि केही काल केन्द्रको शासन एकदम कमजोर बनेथ्यो[१६] ।

यसै बीच स्थितिमल्लको उदय भएपछि नयाँ मोड आयो; दुइ राजकुलको खिचातानीको राजनीतिको अन्त्य भयो । तर 'राजल्लदेवीका पति'का हैसियतले स्थितिमल्लको उदय भएको हुनाले नयाँ ढङ्गको शासनपद्धति खडा गर्न स्थितिमल्ल समर्थ भएनन् । उनीपछि 'द्वैराज्य' अर्थात् संयुक्त शासन-पद्धति नै फेरि स्पष्ट रूपमा अस्तित्वमा आयो । उनीपछि उनका धर्ममल्ल, ज्योतिर्मल्ल, कीर्तिमल्ल तीनै छोराहरू राजा घोषित गरिए[२०] । पछि बाठा ज्योतिर्मल्लले एकलौटी शासन कायम गरे । ज्योतिर्मल्लपछि उनका दुइ छोरा यक्षमल्ल र जीवमल्लको संयुक्त शासन खडा भयो[२१] । यो द्वैराज्य आमा संसारदेवी जीवित छउन्जेल चल्यो । त्यसपछि यक्षमल्लले एकलौटी पारे । यक्षमल्लपछि उनका छोराहरूको संयुक्त शासन चल्यो । यहाँनिर अलिकता विशिष्टता देखापऱ्यो । यक्षमल्लले छोरीका छोरालाई पनि आफ्ना छोरासरह स्थान दिलाउने व्यवस्था गरेका हुनाले दौहित्र भीममल्ल पनि रायमल्ल रत्नमल्लहरू सरह संयुक्त शासक घोषित गरिए[२२] । तर संयुक्त शासनले सन्तुष्ट नभई आफ्नो आफ्नो बेग्लै स्वतन्त्र राज्य खडा गर्ने दाउपेच रत्नमल्लहरूले खेलेका हुनाले त्यसवेला भक्तपुर, कान्तिपुर, ललितपुर तीन स्वतन्त्र राज्यका रूपमा देखापरे[२३] ।

यी तीन राज्य खडा भएपछि यी तीनै राज्यमा पनि संयुक्त शासन पद्धति कायम भएको हामी पाउँछौं । यसले मल्ल राजपरिवारमा संघर्ष पनि निकै गरायो । भक्तपुरराज्यलाई प्राणमल्लले अँठ्याएपछि उनका काका वीरमल्ल, दाजु जितमल्लहरूले जुन विरोधी दल खडा गरे तथा ने.सं.६६८ को पशुपतिको प्रसिद्ध सन्धि गरे; त्यसले गर्दा ललितपुर, दोलखा आदि धेरै प्रदेश मल्ल राजाहरूको आधिपत्यबाट मुक्त भई स्वतन्त्र बने[२४] । यस प्रसङ्गमा एउटा कुरा उल्लेखनीय रहेको छ । मल्ल राजाहरूको संयुक्त शासनबाट भएको संघर्षबाट लाभ उठाई दोलखा, ललितपुर आदि स्वतन्त्र भएथे । तर दोलखा, ललितपुर आदिका शासकहरूले यस कुराबाट शिक्षा भने लिएनन् । उनीहरूले पनि संयुक्त शासनलाई नै रोजे । दोलखामा इन्द्रसिंहदेव आदि पाँच जना दाजु भाइहरूको संयुक्त शासन खडा भयो । पछि त दोलखामा काका, भतिजा, भानिज आदि सात जनासम्मको संयुक्त शासन चल्यो[२५] । तर यसले दोलखाको शासनमा कमजोरी ल्यायो । यसै गरी महापात्र विष्णुसिंहले कति कष्ट गरी ललितपुरमा आफ्नो एकलौटी शासन

खडा गरेथे । तर उनीपछि उनका तीन जना छोराहरूको संयुक्त शासन ललितपुरमा खडा भयो । यी तीन दाजु भाइहरूमा विशेष गरेर पुरन्दरसिंह रउद्धवसिंहमा संघर्ष भयो । जसले गर्दा ललितपुरलाई कमजोर तुल्यायो[२६] । मल्ल राजाहरूले यस संघर्षलाई रोक्ने प्रयास नगरेका होइनन्; तर निकै अघिदेखि जरो गाडिर रहेको 'द्वैराज्य' अर्थात् संयुक्त शासन पद्धतिको भावनाले जकडिरहेको हुनाले मल्लकालको अन्तिम समयसम्म पनि यस पद्धतिलाई त्याग्ने विचारधारा प्रबल हुन सकेन । कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाशमल्ललाई कमजोर बनाउने तत्वमध्ये उनका भाइहरूको संयुक्त शासन कायम गर्ने प्रयास पनि एक थियो । मल्ल राजाहरूलाई मात्र होइन; श्री ५ पृथ्वीनारायण शाहलाई समेत यस पद्धतिले पीछा गर्न छोडेको थिएन । कान्तिपुर विजयपछि पृथ्वीनारायण शाहका भाइहरूले संयुक्त शासन खडा गर्ने जुन इच्छा व्यक्त गरेथे; त्यसमा उही पुरानो द्वैराज्यपद्धतिको भावनाले काम गरेको देखिन्छ । तर दूरदर्शी पृथ्वीनारायणशाहले यो कुरा मन्जुर नगर्दा उनका चारै भाइहरू विद्रोही बने[२७] । यस अवस्थालाई सम्हालन पृथ्वीनारायण शाहलाई निकै अप्ठ्यारो प-यो । पछि दोलखा मेकको अम्बल भाइ दलजित्लाई सुम्पेको घटनाले पृथ्वीनारायण शाहले समेत यस पद्धतिलाई सर्वात्मना तोड्न सकेनन् भन्ने दर्शाएको छ[२८] । जे होस्; पछि पृथ्वीनारायण शाह यस पद्धतिलाई तोड्न सफल भए ।

माथि उल्लिखित संक्षिप्त वर्णनबाट पूरै मध्यकाललाई 'द्वैराज्य' शासन पद्धतिले प्रभावित पारेको स्पष्ट थाहा पाइन्छ । द्वैराज्य पद्धतिले त्यस ताका यसरी जरो गाडिर रहनामा त्यस बेलाको सामाजिक धारणा पनि प्रमुख कारण बनेको देखिएको छ । देवमन्दिर, गुठी आदिको सञ्चालन र अरू धेरै सामाजिक क्रियाकलापहरू त्यस ताका मिलेर संयुक्त रूपमा चलाउने परम्परा कायम भएको थियो । यसो हुँदा राजगद्दीमा बस्ने कुरामा समेत 'द्वैराज्य' पद्धतिले प्रश्रय पायो; 'एकराज' पद्धति त्यति प्रबल हुन सकेन । आचार्य कौटल्यले भने जस्तै साझा भावना हुँदा कहिलेकहीं यस पद्धतिले केही राम्रो नतीजा पनि निकाल्यो तापनि प्राय: दाजु भाइहरूमा संघर्षको वातावरण नै यस पद्धतिले बढी खडा ग-यो र मध्यकालको राजनैतिक अवस्थालाई कमजोर तुल्यायो । यसो भए तापनि कयौं शताब्दीसम्म यस शासनपद्धतिले जरो गाडेको देख्दा यस पद्धतिको गुणपक्षबारे पनि सोजी गर्दै जानुपरेको देखिन्छ । यो पद्धति मल्लराजाहरूमा मात्र होइन; पश्चिमका खस राजाहरूमा र सेन आदि मध्यकालका अरू राजाहरूमा पनि कोही अंशमा देखापरेको छ[२९] । तर बुद्धि पु-याएर दूरदर्शी राजनीतिज्ञ पृथ्वीनारायण शाहले भने यस पद्धतिलाई तोडिर मध्यकालको राजनीतिलाई नयाँ मोड दिए ।

नेपालमण्डल -

मध्यकालको शुरूदेखि नै नेपालराज्य काठमाडौं-उपत्यका र आसपासका क्षेत्रमा मात्र सीमित थियो भन्ने पूर्वधारणा नेपालको इतिहासमा काम गर्ने कतिपय स्वदेशी तथा विदेशी विद्वान्हरूमा रहेको पाइन्छ । यसले गर्दा मध्यकालको इतिहासमा अनुसन्धान गर्ने विद्वान्हरूले काठमाडौं-उपत्यका बाहिर गई अनुसन्धान गर्नुपर्ने महसूस त्यति नगरेको बुझिन्छ । तर मध्यकालको शुरूका केही शताब्दीसम्म यो राज्य काठमाडौं-उपत्यका र आसपासका क्षेत्रमा मात्र सीमित थिएन; 'नेपालमण्डल' अन्तर्गत अनेक विषय (जिल्ला)हरू थिए । तात्कालिक अभिलेख, हस्तलिखित ग्रन्थ आदि सामग्रीबाट उक्त कुरा स्पष्ट रूपमा थाहा पाइन्छ । यस कारण तात्कालिक नेपाललाई चिन्न मदत गर्ने हुनाले यस विषयमा पनि यहाँ संक्षिप्त रूपमै भए पनि केही विवेचना गर्नुपरेको छ ।

त्यस ताका केन्द्रबाट सोझै शासन गरिने प्रदेश र सामन्तद्वारा शासन गरिने प्रदेश गरी नेपाल राज्य मुख्य रूपमा दुइ भागमा विभक्त थियो[३०] । 'नेपालमण्डल' शब्दले उक्त दुवै भाग-

लाई बुझाउँथ्यो । आजकाल प्रचलित 'राष्ट्र' शब्दको पर्यायको रूपमा त्यसबेला 'मण्डल' शब्द प्रचलित थियो । 'नेपालमण्डल' शब्दको प्रयोग लिच्छविकालमै भइसकेको थियो[३१] तापनि मध्य-कालमा यो शब्द अझ बढ्ता प्रचलित रह्यो । मध्यकालमा केन्द्रमा सैनिक शक्तिको कमी रहेको हुँदा सामन्तद्वारा शासन गरिएका प्रदेशको महत्व पहिलेभन्दा बढी रह्यो । यस कारण नेपाल-मण्डल भरि प्रभाव कायम रहनु मध्यकालका शासकहरूको दृष्टिमा गौरवको कुरा रहेको थियो । अर्को कुरा नेपालमण्डल शब्दको प्रयोग राजधानीका बासिन्दाभन्दा बाहिरका प्रदेशका बासिन्दा-हरू बढी गर्दथे । उनीहरूले आफ्नो परिचय दिनुपर्दा नेपालमण्डलको चर्चा पहिले गरी अनि आफ्नो विषय (जिल्ला)को चर्चा गर्दथे ।

प्रशासन चलाउन सुबिधा होस् भनी राज्यलाई अनेक 'विषय'मा विभक्त गर्ने चलन प्राचीन कालदेखि थियो । यस्ता विषयको प्रशासन चलाउन 'विषयपति' नियुक्त गरिन्थे[३२] । मध्यकालको शुरू शुरूसम्म नेपालमण्डलभित्र अनेक विषयहरू कायम थिए । त्यहाँ विषयपतिहरू पनि रहन्थे । तर तिनको रूप भने निकै बदलिसकेको थियो । अब विषयपतिहरू प्राय: गरी पुस्तैनी अधिकार पाएका महासामन्तरूपका हुन थालेथे । यसरी अधिका 'विषय' (जिल्ला)हरू क्रमश: सामन्तराज्यका रूपमा परिणत हुँदै थिए[३३] । पाठकहरूलाई यस विषयमा विचार गर्न सजिलो होस् भनी तात्कालिक अभिलेख, हस्तलिखित ग्रन्थ आदि ऐतिहासिक सामग्रीहरूमा देखापरेका त्यस्ता 'विषय'हरूको बारेमा यहाँ केही विचार गर्नु परेको छ ।

गण्डीगुल्मविषय -- सर्वप्रथम यसको उल्लेख ने.सं.११९ (वि.सं.१०५५)को एक हस्तलिखित ग्रन्थमा आएको छ[३४] । गण्डीगुल्ममा बस्ने सुवर्णकार (सुनारको काम गर्ने) राना (मगर)ले सारेको उक्त ग्रन्थमा 'श्रीगण्डीगुल्मकनिवासिन सुवर्ण्णकार श्रीराणकस्य---' भन्ने उल्लेख परेको छ । नरेन्द्रदेव र उदयदेवको द्वैराज्यकालमा सो लेखिएको हो भन्ने पनि त्यसमा चर्चा परेको छ । यसमा 'गण्डीगुल्म'लाई 'विषय' भनिएको छैन । तर यसभन्दा अलिपछिको नेसं.२१३ को राजा हर्षदेवको राज्यकालमा लेखिएको अर्को हस्तलिखित ग्रन्थमा 'श्रीगण्डीगुल्मविषये कुलपुत्रकायस्थ श्रीजीवधरसिंहस्य पुस्तकम्' भनी स्पष्ट रूपमा गण्डीगुल्मलाई 'विषय' भनिएको छ[३५] । यसभन्दा अलिपछि लेखिएको अर्को हस्तलिखित ग्रन्थबाट यस भेकमा कुनै बौद्धविहार पनि थियो भन्ने थाहा पाइन्छ[३६] । यहाँ लेखिएका उक्त तीनै हस्तलिखित ग्रन्थ 'अष्टसाहस्रिका प्रज्ञापारमिता' हुनाले पनि यस ताका यस भेकमा बौद्धधर्म फैलिएको संकेत पाइन्छ । उक्त तीन ग्रन्थमध्ये दुइटा भोटको शक्यामठमा पुगेको हुनाले भोटसँग पनि यस प्रदेशको सम्बन्ध रहेको संकेत पाइन्छ ।

श्रीलशियानी पेटेकले 'गण्डीगुल्म' ललितपुर भेकमा कतै पर्दथ्यो होला भन्ने अनुमान गर्नु-भएको छ[३७] । यसरी यस विषयमा बढी खोजखबर गर्नुपर्ने त्यतिको आवश्यकता ठानिएन । तर गण्डीगुल्म ललितपुरभेकमै भएको भए यसप्रदेशलाई 'विषय' (जिल्ला) भन्नुपर्ने आवश्यकता थिएन । यो विचारणीय कुरा छ । ललितपुरभेकमा लेखिएका कुनै ग्रन्थमा पनि 'विषय'को उल्लेख आए-को छैन । यसकारण 'गण्डीगुल्म' ललितपुरभेकमा होइन; उपत्यकाबाहिर पश्चिम वा पूर्वपट्टि रहेको 'विषय' (जिल्ला) यो हो भनी सहजै अनुमान गर्न सकिन्छ ।

'गण्डकी' नदीलाई 'गण्डी' मात्र भन्ने चलन पनि थियो । वास्तवमा मूल शब्द त 'गण्डी' नै हो । त्यसलाई संस्कृतीकरण गरिएपछि मात्र 'गण्डकी' शब्द बनेको हो । यस कारण गण्डीगुल्म विषय गण्डकी नदीकै नजीकै रहेको प्रदेश होला भनी अनुमान गर्न गाह्रो छैन । पहिले यस भेकमा कुनै मजबूत गुल्म (सुरदा चौकी) रहेको थियो; त्यही विकसित भएपछि 'विषय'को रूपमा परिवर्तित भएको देखिन्छ । यस आधारमा विचार गर्दा गण्डीगुल्म विषय-को सीमना वर्तमान 'गुल्मी' भेकले दिलाइरहेको छ भन्ने मलाई लाग्छ । यस कुराको प्रकारान्तरले

केही पुष्टि यसै ताका लेखिएको हस्तलिखित ग्रन्थमा 'ल्मुजुङ्गुं' प्रदेशको उल्लेख पाइनाले हुन्छ । ने.सं.१८६ मा राजा शङ्करदेवको पालामा ल्मुजुङ्गु मा बस्ने गङ्गा राना(मगर)ले सो ग्रन्थ सारेको हो[३८] । 'गुं' यो डाँडोलाई बुझाउने शब्द हुनाले 'ल्मुजुङ्गु' वर्तमान ल्मुजुङभेक नै हो भन्ने कुरामा शङ्का छैन । भोटसँगको व्यापारसम्बन्धले गर्दा कालिगण्डकीका आसपासका हिमालभेकदेखि पाल्पाभेकसम्मको प्रदेशमा अनेक बस्ती यस ताका निकै विकसित भएथे ।

जबसम्म पश्चिम कर्नालीप्रदेशमा खसराज्यको स्थापना भएको थिएन तथा यस राज्यले गण्डकीप्रदेशमा समेत आफ्नो प्रभाव फैलाएको थिएन; त्यस वेलासम्म केन्द्रका (नेपाल उपत्यकाका) शासकहरूको आधिपत्य यस भेकमा कायम थियो । यस प्रसङ्गमा यो पनि विचारणीय छ ।

जिग्लोद्गमविषय -- ने.सं. १२४ को एक अभिलेखमा जिग्लोद्गम विषयको उल्लेख आएको छ[३९] । त्यस अभिलेखमा राजा उदयदेवले नेपालमण्डलमा राज्य गरिरहेको वेलामा जिग्लोद्गम विषयका एकजना श्रद्धालुले विष्णुलाई कोश चढाएको कुरा परेको छ । त्यहाँ जिग्लोद्गम विषयको वर्णन गर्दा 'श्रीजिग्लोद्गमविषये विद्वत्साधुजनान्विते' भनी लेखिएको हुनाले सो विषय (जिल्ला) विकसित बस्ती थियो; त्यहाँ विद्वान्हरूको बसोबास थियो भन्ने थाहा पाइन्छ । साथै गरूडध्वज विष्णुलाई चढाइएको सो 'कोश' निकै कलात्मक हुनाले[४०] त्यस प्रदेशमा धातुका मूर्ति ढाल्न जान्ने कलाकारहरू पनि थिए भन्ने संकेत पाइन्छ । यो जिग्लोद्गम विषय कता पर्दथ्यो भन्ने निश्चित गर्न सकिएको छैन । तर उक्त अभिलेखबाट सो प्रदेशमा वैष्णव धर्मको प्रसारको संकेत पाइने हुनाले सो प्रदेश पनि कालिगण्डकीको किनारमा कतै हुँदो हो भन्ने मलाई लाग्छ । वास्तवमा कालिगण्डकीको प्रस्रवणक्षेत्र एक प्रकारले 'वैष्णव क्षेत्र' जस्तै बनेथ्यो । माथि शिर मुक्तिनाथदेखि रिडीभेकसम्म त अनेक वैष्णव तीर्थ-स्थान, मन्दिर आदि हामी पाउँछौं । सप्तगण्डकी पछि देउघाटदेखि 'नारायणी' नामले परिवर्तित हुनामा समेत वैष्णव सम्प्रदायको प्रसार प्रचार कारण बनेको थियो । यो कुरा यस प्रसङ्गमा विचारणीय छ ।

पन्नगविषय -- पश्चिमतिरको एक अर्को 'विषय'को उल्लेख पनि तात्कालिक हस्त-लिखित ग्रन्थमा पाइन्छ; त्यो हो पन्नगविषय । ने.सं.२७० मा लेखिएको एक हस्तलिखित ग्रन्थमा 'श्रीपन्नगविषयाधिपति श्रीमहासामन्तहंसदेवस्य विजयराज्ये यूपटोलकाधिवासी शिरो-श्रीकुलपुत्रस्य फुल्णनायकस्य' भन्ने उल्लेख परेको छ[४१] । 'पन्नगविषय' ठिमीनिरको नकदेश हुन सक्छ भन्ने आशय श्रीडिल्लीरमण रेग्मीले व्यक्त गर्नुभएको छ[४२] । तर यस ताका उपत्यका-भित्रका कुनै पनि बस्तीलाई 'विषय'(जिल्ला) भनिएको नपाइने हुनाले पन्नगविषय नकदेश होइन भनी सहजै भन्न सकिन्छ । अर्को कुरा यस वेला राजधानी भक्तपुरमा बसी शक्तिशाली शासक आनन्ददेव शासन गर्दै थिए । राजधानी भक्तपुरको नजीकको प्रदेश नकदेशमा विषयाधि-पति महासामन्तको पृथक् अस्तित्व कायम हुनु कुनै हालतमा पनि सम्भव थिएन । यस कारण किटानसाथ भन्न नसकिए तापनि यो विषय पनि पश्चिमतिरको हो भन्ने अनुमान गर्ने आधार नभएको होइन । 'पन्नग' शब्द 'नाग' शब्दको पर्यायवाची हो । पश्चिमपट्टि नागडाँडो आदि नागलाई लक्ष्य गर्ने अनेक स्थान छन् । पश्चिमका मगरहरूमा नागपूजाको प्रचलन पनि बढी रहेको सुनिन्छ । सेनवंशावलीमा सेन राजाले मगरात भेकमा आफ्नो प्रभाव फैलाउन नागहरूलाई जितेको वर्णन छ[४३] । यस आधारमा विचार गर्दा 'पन्नगविषय' मगरातभेकमा रहेको अनुमान हुन्छ । जे होस्; विक्रमको तेह्रौं शताब्दीको शुरूतिर 'पन्नग' नामक विषय कायम थियो; त्यहाँ महासामन्तरूपका विषयपतिको प्रशासन चल्दथ्यो भन्ने कुराचाहिं निश्चित छ ।

धवलस्रोतपुर -- मध्यकालको शुरूतिरका पश्चिमभेकका प्रसिद्ध प्रदेशमध्ये धवलस्रोतपुर पनि एक हो । यहाँ महासामन्तहरूको प्रशासन चल्दथ्यो । ने.सं.२२० मा धवलस्रोतपुरमा महासामन्त रामदेव थिए भन्ने कुरा `आर्योष्णीषविजयनामधारिणी' भन्ने ग्रन्थबाट थाहापाइन्छ[४४] । साथै ने.सं.३०३ मा लेखिएको `चरकसंहिता' नामक हस्तलिखित ग्रन्थमा पनि धवलस्रोतपुरको उल्लेख आएको छ[४५] । त्यसमा महासामन्त रत्नदेवको चर्चा छ । धवलस्रोतपुरमा लेखिएको एक अर्को हस्तलिखित ग्रन्थ पनि पाइएको छ[४६] ।

धवलस्रोतपुर वर्तमान धुलिखेल होला भनी श्रीपेटिकले अनुमान गर्नुभएको छ[४७] । तर `धुलिखेल' यो नाम नेवारी `धरिखेर' को नेपालीकरण भएकोरूप हो । मध्यकालका अभिलेख, कागतपत्र आदिमा धुलिखेललाई `धरिखेर' आदि लेखिएको पाइन्छ[४८] । धुलिखेलको संस्कृत नाउँ तात्कालिक ताडपत्रहरूमा `शिखरापुरी' भन्ने आएको छ[४९] । यस कारण धवलस्रोतपुर वर्तमान धुलिखेल होइन कि भन्ने देखिन्छ ।

पञ्चावतदेशविषय -- ने.सं.३२१ मा लेखिएको एक हस्तलिखित ग्रन्थमा पञ्चावतदेश विषयको उल्लेख आएको छ । त्यसमा नेपालमण्डलका राजाका रूपमा अरिमल्लको चर्चा गरिएको छ । साथै त्यसमा `श्रीपञ्चावतदेशीयविषयाधिपतिराणकश्रीश्रीधरसिंहस्य वर्तमाने' भनी लेखी पञ्चावतदेश विषयका प्रशासक चाहिँ श्रीधर सिंह राना (मगर) थिए भन्ने त्यहाँ दर्शाइएको छ[५०] । राना शासक भएको नेपालमण्डल अन्तर्गतको यो विषय पनि नुवाकोटभन्दा पश्चिमतिरको हो भन्ने देखिन्छ ।

उदयपुर -- यस ताका सामन्तद्वारा शासन गरिएका प्रदेशको रूपमा उल्लेख आइरहने प्रदेशमध्ये एक उदयपुर पनि हो । ने.सं.१८६ मा प्रद्युम्नकामदेवको पालामा उदयपुरमा लेखिएको `सद्धर्मपुण्डरीक' भन्ने ग्रन्थ पाइएको छ[५१] । त्यसमा उदयपुराधिपतिको रूपमा महासामन्त जनार्दनजीवको चर्चा परेको छ । वामदेवको राज्यकालमा लेखिएको `सेकनिर्देशपञ्जिका' भन्ने अर्को ग्रन्थमा पनि उदयपुरको उल्लेख आएको छ[५२] । त्यसमा सुन्दर उदयपुरको रक्षा महासामन्त नागार्जुनदेवले गरिरहेको छ भन्ने वर्णन परेको छ । अर्को `नक्षत्रजातक' भन्ने ने.सं.२४८ मा लेखिएको ग्रन्थमा नेपालमण्डलका राजाका रूपमा इन्द्रदेवको चर्चा छ तथा उदयपुराधिपतिका रूपमा महासामन्त पेणानन्दजीवको उल्लेख छ[५३] ।

यी उदाहरणबाट यस ताका प्रसिद्ध प्रदेशमध्ये `उदयपुर' पनि एक हो; त्यहाँ पुस्तैनी अधिकार पाएका महासामन्तहरूको प्रशासन चल्दथ्यो भन्ने थाहा पाइन्छ । यो उदयपुरको सम्झना पूर्वी नेपालको वर्तमान उदयपुरले दिलाइरहेको बुझिन्छ । पूर्वतिर भई भारत उत्रने मार्गमध्ये एक सिंधुलीभेक पनि परेको हुनाले त्यतै भेकमा `उदयपुर' को रूपमा एक विशेष बस्तीको विकास यस ताका भएको अनुमान हुन्छ । साथै यसको सम्बन्ध दोलखा भई भोट डिगर्चासँग पनि थियो भन्ने अनुमान हुन्छ । यसताका उदयपुरभेकमा बौद्धधर्मको पनि प्रचार थियो भन्ने कुरा उपर्युक्त हस्तलिखित ग्रन्थबाट थाहा पाइन्छ ।

फनपिङ० विषय -- यस ताकाका अभिलेख, हस्तलिखित ग्रन्थ आदिमा उल्लेख आइरहने `विषय' मध्ये एक फनपिङ० विषय पनि हो । वर्तमान फरपिङ०को ने.सं.३८१को एक अभिलेखमा `श्रीफनपिंगविषयाधिपतिमहासामन्तश्रीजितरामजीवस्य नगरेति भन्ने उल्लेख पाइएको हुनाले फनपिङ० विषय वर्तमान फरपिङ० नै हो भन्ने निश्चित छ[५४] । नेवारी भाषामा यस प्रदेशलाई अहिलेसम्म `फंपि' भनिदैछ । यसरी काठमाडौं-उपत्यकाको सबभन्दा नजीकको विषय

(जिल्ला) यो हुन आएको छ । दक्षिणातिर मैदानमा भर्ने बाटामध्ये उहिले फरपिङ० भई जाने बाटो पनि एक प्रचलित बाटो थियो । यसो हुनाले फर्पिङ०भेकमा विकसित बस्ती बसिथ्यो । पछि प्रशासनको दृष्टिले यो प्रदेश एक 'विषय' बन्न पुग्यो र यहाँ पुस्तैनी महासामन्तहरूको प्रशासन चल्न थाल्यो ।

यति कुराबाट मध्यकालको नेपालको इतिहास खुलस्त रूपमा जान्नाका लागि माथि उल्लिखित गण्डीगुल्म, जिग्लीद्रुम, पन्नग, धवलस्रोतपुर, पञ्चावतदेश, उदयपुर आदि प्रदेश-हरूबारे खोजी गर्नु आवश्यक छ भन्ने स्पष्ट थाहा पाइन्छ । यसका लागि मध्यकालको शुरुदेखि नै 'नेपालमण्डल' काठमाडौं-उपत्यका र आसपासका क्षेत्रमा मात्र सीमित थियो भन्ने पूर्व-धारणालाई पनि हामीले बदल्नुपरेको छ ।

## (१ संख्या)

# पाटन घायूबुको अभिलेख

पाटन कुम्भेश्वरनजीके घायूबु भन्ने ठाउँमा दुइटा साना साना देवमन्दिर छन् । तिनमा पछिल्लो मन्दिरमा शिवपरिवारको सुन्दर मूर्ति रहेको छ । त्यस मूर्तिको तल्लो भागमा एक श्लोक र त्यस मूर्तिको जलहरीमा एक श्लोक गरी यो अभिलेख कुँदिएको छ । यहाँ अभिलेख कुँदिएको भाग ३६ अङ्गुल लम्बा, ४ अङ्गुल चौडा छ । यहाँ ने.सं.१०७ रहेको छ ।

संशोधन-मण्डलद्वारा "अभिलेख-संग्रह" नवौं भागमा यो अभिलेख प्रकाशित भएको छ[५५] ।

१. नमश्श्रीललितेशाय सर्व्वज्ञत्रिगुणात्मने ।
देवात्मजवरेशाय भुक्तिमुक्तिप्रदायिने ।।

१. राज्ये श्रीगुणकामदेवनृपतेस्सप्तोत्तरेब्दे शते
माघे मासि च रोहिणीबुधदिने ......

२. श्रीमाणिग्वलके सुरालय कृतस्तद्भीवरी पात्मन:
पित्रोर्वन्द गुरोश्च भक्ति जःतां स्वर्गापवर्गाप्तये ।

अनुवाद

सबैकुरा जान्ने, त्रिगुण (सत्व रज: तम:) स्वरूप भएका, भुक्ति र मुक्ति दिने, ठूला देवता श्रीललितेश महादेवलाई नमस्कार छ ।

ने.सं.१०७ (वि.सं.१०४३)माघ महीना ... ... रोहिणीनक्षत्र बुधवारको दिन, राजा श्रीगुणकामदेवको राज्यमा, श्रीमाणिग्वलमा, आमा बाबुलाई ढोग्ने गुरुमा भक्ति गर्ने ... ले संसारलाई स्वर्ग र मोक्ष प्राप्त होस् भनी देवमन्दिर बनाए ।

व्याख्या --

नेपालसंवत् प्रचलित भएदेखि नेपालको इतिहासमा मध्यकालको शुरू मानिएको छ । राजनैतिक दृष्टिले यो समयविभाजन त्यति मिल्दो देखिएको छैन तापनि सांस्कृतिक दृष्टिले भने यो समयविभाजन केही मिल्दो नै देखिन आएको छ ।

अभिलेखको समय --

नेपालसंवत् शुरू भएपछि अहिलेसम्म पाइएका मितितिथि, राजाको नाम आदि समेत उल्लिखित अभिलेखहरूमा राजा गुणकामदेवको पालाको यो अभिलेख पहिलो हो । हुन त श्री लक्ष्मीयानी पटेलले "यस अभिलेखमा संवत् देखिंदिन; लिपिको आधारमा यो अभिलेख बाह्रौं शताब्दीका दोस्रा गुणकामदेवको पालाको हो जस्तो मलाई लाग्छ; किनभने पहिला गुणकामदेवले पाटनमैमा शासन गरेका थिएनन्" भन्ने भावव्यक्त गर्नुभएको छ[५६] । श्रीडिल्लीरमण रेग्मीले पनि यस अभिलेखमा उल्लिखित गुणकामदेवलाई ने.सं. ३०५ तिरकै हुन् भनी देखाउन खोज्नभएको छ । साथै उहाँले यस अभिलेखको संवत् भएको भागको पाठ "सप्तोत्तरत्रिशते" पढ्नुभएको छ[५७] । तर यस अभिलेखमा "सप्तोत्तरेब्दे शते" भन्ने पाठ राम्ररी नै ठम्याउन सकिन्छ । यस कारण यो अभिलेख ने.सं.१०७ को हो भन्ने कुरामा कुनै शङ्का छैन । यस ताका नेपालमा

गुणकामदेवले एक्लै राज्य गरिरहेका थिए भन्ने कुराको पुष्टि अर्को प्रमाणले पनि गर्छ[५८]। सो हो, राष्ट्रिय अभिलेखालयमा रहेको 'सुमतिपञ्जिका' नामक हस्तलिखित ग्रन्थ। ने.सं. ११० मा लेखिएको सो पुस्तकमा त्यस बेला राजा गुणकामदेवले राज्य गरिरहेका थिए भन्ने कुरा यसरी लेखिएको छ -

> राज्ञा श्रीगुणकामदेवविभुना स्वस्यैकराज्ये कृते
> वर्षेस्मिन् दिशमुत्तरे शततमे ... ... ।
> दिने ताराधनिष्ठान्विते
> ... ... ... 
> नाम्नेयं सुमतिर्यथाभिलिखिता.. ... ।।

(ने.सं. ११० (वि.सं.१०४७)... ...धनिष्ठा नक्षत्रको दिन, राजा श्रीगुणकामदेवले आफू एक्लैले राज्य गरिरहनुभएको बेलामा, यो सुमतिपञ्जिका नामक ग्रन्थ लेखियो।)

यस प्रमाणबाट यस ताका गुणकामदेवले राज्य गरिरहेका थिए भन्ने सिद्ध हुन्छ। यस कुराको पुष्टि वंशावलीबाट पनि हुन्छ। फेरि लिपिले पनि यो कुरा मान्नामा कुनै बाधा पुऱ्याउँदैन। यस अभिलेखमा प्रयुक्त लिपि त्यस बेला प्रचलित 'पाल्मोल' शैली को हो। अझ माथिल्लो स्तोत्ररूपको श्लोक त तात्कालिक रञ्जनाशैलीमा कुँदिएकोछ।

यी गुणकामदेवले पाटनमैमा राज्य गरेका थिएनन् भन्ने श्रीपिटकको तर्क प्रमाणयुक्त छैन। मध्यकालको उत्तरार्धमा जस्तै शुरूदेखि नै 'नेपालमण्डल' सानो र खण्डित थियो भन्ने पूर्वधारणा लिइएको हुँदा यो भ्रम परेको हो। तात्कालिक कुरा राम्ररी बुझ्न यो धारणालाई बदल्नुपरेको छ भन्ने कुराको चर्चा माथि प्रस्तावना मा 'नेपालमण्डल' भन्ने प्रकरणमा गरिसकेको छु।

राजा गुणकामदेवको शासनकालमा देवमन्दिर बनाई त्यहाँ उमामहेश्वर (शिवपरिवार) को स्थापना गरेको कुरा यस अभिलेखमा परेको छ। अभिलेख कुँदुन लाउनेले आफूलाई आमा बाबु-प्रति विनीत, गुरुप्रति भक्ति गर्नेको रूपमा वर्णन गराएको छ। तर भव्य यो मूर्ति स्थापना गर्ने ती व्यक्तिको नाम भने यस अभिलेखमा स्पष्ट छैन।

नेपाल संवत्को प्रचलन -

अब मध्यकालको शुरूदेखि अन्त्यसम्म एक टङ्कारले भने जस्तै प्रचलनमा आएको नेपालसंवत्को प्रचलन बारे अलिकता विचार गर्नुपरेको छ। मध्यकालमा नेपालमा खूब प्रचलित यहीं लेखिएको 'सुमतितन्त्र' नामक ज्योतिष ग्रन्थ नेपालमा प्रचलित संवत्हरूको निर्णयको लागि निकै उपयोगी रहेको छ। त्यसमा नेपालमा अघि देखि प्रचलित संवत्हरूको संक्षिप्त वर्णन परेको छ। त्यस वर्णनमा 'शकसंवत् ४९८ देखि चलेको संवत् ३०४ वर्षसम्म चल्यो; त्यसपछि अर्को संवत् (नेपाल-संवत्) चल्यो' भन्ने भावको कुरा परेको छ[५९]। अभिलेखहरू केलाई हेर्दा सुमतितन्त्रको उक्त भनाइको पुष्टि हुन्छ। अंशुवर्माको समयदेखि राष्ट्रिय स्तरमा प्रचलनमा आएको संवत्को उल्लेख ३०१ सम्म पाइएको छ। त्यसबेला राजा मानदेव थिए[६०]। मानदेवपछि राघवदेव गद्दीमा बस्दछन्। त्यसबेलादेखिका (संवत् ३०४ पछिका) अभिलेख, हस्तलिखित ग्रन्थ आदिमा सो पुरानो संवत् नै चल्दै गइरहेको पाइदैन; त्यस बेलादेखि अर्कै नयाँ संवत्को प्रचलन भएको हामी पाउँछौं। यस संवत्लाई पछि नेपालसंवत्' भन्ने नामकरण गरियो। उपर्युक्त प्रसङ्गबाट नेपालसंवत्को प्रचलन राघवदेवको पालादेखि भएको हो भन्ने संकेत पाइन्छ। वंशावलीमा राघवदेवले संवत् चलाए भन्ने स्पष्ट उल्लेख पनि पाइने हुनाले उक्त कुराको पुष्टि हुन्छ।

नेपाल संवत्को प्रचलन कुन उपलक्ष्यमा भयो होला भन्ने प्रश्न यहाँनिर उठ्नु स्वाभाविक छ। एक राजवंशको स्थान अर्को राजवंशले लिएपछि अर्थात् राजपरिवर्तन भएपछि यो संवत् प्रचलित भएको हुनुपर्छ भन्ने अनुमान पहिले केही इतिहासकारले गरेका थिए। तर प्राप्त सामग्रीहरू केलाई हेर्दा उक्त अनुमान मिल्दो देखिन आउँदैन। विचारार्थ गोपालराजवंशावलीको वर्णनतिर नै दृष्टि दिऔं। जब जब राजपरिवर्तन हुन्छ; तब त्यस परिवर्तनको संकेत गोपालराजवंशावलीकारले गरेको पाइन्छ। गोपाल, महिषपाल राजाहरूको हातबाट शासनाधिकार किरात राजाहरूको हातमा जाँदा त्यसको चर्चा गोपालवंशावलीमा गरिएको छ[६१]। किरात राजाहरूलाई जितेर लिच्छविहरूले शासन गरेको स्पष्ट उल्लेख सो वंशावलीकारले गरेका छन्[६२]। बीचमा लिच्छवि राजाको हातबाट शक्ति आभीर गुप्तहरूको हातमा जाँदा पनि यसको संकेत गोपालवंशावलीकारले गरेका छन्[६३]। तर मानदेवपछि राघवदेव राजा हुँदा राजवंशपरिवर्तनको कुनै संकेतसम्म पनि गोपालवंशावलीकारले गरेका छैनन्। यसबाट नेपालसंवत्को प्रचलन राजवंशपरिवर्तनसँग सम्बद्ध छ जस्तो देखिँदैन। बरू पछि नै लेखिएको भए तापनि केशरपुस्तकालयमा रहेको वंशावली (संक्षिप्त रूपको एकथरी गोपालवंशावली)मा उल्लिखित कुरा सत्य हो जस्तो देखिन्छ। त्यसमा "राजा श्रीराघवदेव वर्ष ६३ मास ६ ।। श्रीपशुपतिभट्टारके सम्वत्सरप्रवृत्तिः कृता ।।" भनी पशुपतिनाथलाई लक्ष्य गरेर अर्थात् नेपालका प्रमुख मान्यता प्राप्त देवता श्रीपशुपतिनाथको सम्मानार्थ राघवदेवले सो संवत् चलाएको उल्लेख संक्षिप्त रूपमा गरिएको छ[६४]। यो कुरा बुझ्न लिच्छविकालदेखि विशेष गरेर अंशुवर्माको पालादेखि राष्ट्रिय स्तरमा पशुपतिनाथप्रति दर्शाइएको सन्मानतिर दृष्टि दिनुपर्छ। आफ्ना प्रशस्तिमा 'पशुपतिभट्टारकपादानुध्यात' भनी लेखाई पशुपतिनाथप्रति अतिशय श्रद्धा प्रकट गर्ने पहिला शासक अंशुवर्मा हुन्[६५]। यति मात्र होइन, पशुपतिनाथप्रति राष्ट्रिय स्तरमा सन्मान व्यक्त गर्न अंशुवर्माले 'पशुपति' अङ्कित मुद्रा नै प्रचलनमा ल्याएका थिए[६६]। अनि उनीपछिका लिच्छविकालका अरू शासकहरूले पनि पशुपतिनाथप्रति सोही प्रकारको सन्मान दर्शाउँदै गए तथा 'पशुपति' मुद्राहरू प्रचलनमा ल्याउने काम जारी राखे। समय समयका विभिन्न लिपि अङ्कित 'पशुपति' मुद्राहरूले उक्त कुरा स्पष्ट पार्छन्। नरेन्द्रदेव, द्वितीय जयदेव आदि प्रसिद्ध कति लिच्छवि राजाहरूका नाम-अङ्कित पृथक् मुद्राहरू पाइएका छैनन्; तर उनीहरूको पालाको लिपि-अङ्कित 'पशुपति' मुद्राहरू भने प्रशस्त पाइन्छन्। पशुपतिनाथको मात्र होइन; पशुपतिनाथका वाहन 'वृष'को सन्मानमा समेत त्यसबेला तामाका साना मुद्राहरू प्रचलनमा ल्याइएका थिए[६७]। यही परम्परामा राघवदेवले पशुपतिनाथको सन्मानमा नयाँ संवत् प्रचलन गरेको अनुमान हुन्छ।

गुणकामदेवहरूको वंश -

नेपालसंवत् प्रचलित भइसकेपछिका राजाहरू र यसभन्दा अगाडिका राजाहरू एकै शाखाका हुन्; यस बीच राजपरिवर्तन भएको कुनै संकेत पाइँदैन भन्ने कुराको चर्चा माथि गरिसकेको छ। यसो भए यी राघवदेव, गुणकामदेव आदि राजाहरू कुन वंशका हुन् भन्ने समस्या इतिहासकारहरूको सामुन्ने खडा भएको छ। वंशावलीकारहरूले राघवदेव आदि राजाहरूलाई 'ठकुरी' वंशका भनी लेखेको पाइन्छ[६८]। वंशावलीकारले लिच्छविकालका अंशुवर्मा आदिलाई पनि 'ठकुरी' वंशका भनी लेखेका छन्[६९]। पुराना अभिलेख, हस्तलिखित ग्रन्थ आदिमा ठकुरी शब्दको प्रयोग भएको पाइँदैन; ठकुरी शब्दको प्रचलन अलि पछि मात्र भएको हो। यसको तात्पर्य 'राजपुत्र' (रजपूत) कहलिएका एकथरी उच्च क्षात्रियहरूलाई पछि 'ठकुरी' भन्न थालियो भन्ने देखिन्छ। यसबाट 'ठकुरी' शब्द उच्चवंशका क्षात्रियलाई कहने साधारण शब्द हो; विशेषवंशवाचक शब्द यो होइन भन्ने संकेत पाइन्छ। यस कारण गुणकामदेवहरू कुन वंशका हुन् भन्ने कुरा विचारणीय नै रह्यो।

नेपाल संवत्का शुरूका अभिलेखमा तात्कालिक राजाको वंशबारे कुनै उल्लेख गरिएको पाइँदैन । अलि पछिका जनताले राखेका अभिलेखहरूमा भने यी राजाहरूको वर्णन गर्दा `रघुवंशी` `सूर्यवंशी` भनेर मात्र वर्णन गरिएको पाइन्छ । जस्तै राष्ट्रिय संग्रहालय, छाउनीमा रहेको ने.सं. २६२ को अभिलेखमा आनन्ददेवलाई `श्रीरघुवंशमौलिचिन्तामणि` भनिएको छ[७०] । भक्तपुर तौमढी-टोलको अभिलेखमा आनन्ददेवलाई `सूर्यकुलप्रदीप` भनिएको छ[७१] । साँखु वज्रजोगिनीको ने.सं.२६३ को अभिलेखमा रूद्रदेवलाई `रघुपति` भनिएको छ[७२] । तर यताबाट पनि अझ विशेष कुराको टुङ्गो लाग्दैन । शासनाधिकार हात लाएका यावत् क्षत्रिय राजाहरू कि सूर्यवंशी कि चन्द्रवंशी कहलाउने चलन पुरानो हो । लिच्छविकालमा लिच्छविराजाहरू सूर्यवंशी कहलाएका थिए[७३] । अंशुवर्मा, जिष्णुगुप्तहरू चाहिँ चन्द्रवंशी कहलाएका थिए[७४] । जयदेव (द्वितीय)ले आफ्नो लिच्छविवंशको वर्णन गराउँदा सूर्यदेखि शुरू गर्न लाएका छन् । सूर्यवंशमा भएका राजा रघु नामी ठहरिँदा सूर्यवंशीहरू रघुवंशी पनि कहलाएका छन् । उपत्यकाका मल्ल राजाहरूका प्रशस्तिमा `रघुवंशावतार, रविकुलतिलक` भन्ने उल्लेख गरिएको पाइन्छ[७५] । मध्यकालका शुरूका राजाहरू चन्द्रवंशी नकहलाई सूर्यवंशी कहलाएका हुनाले र लिच्छविराजा जयदेव (द्वितीय) पछि बीचमा राजवंशपरिवर्तन भएको तात्कालिक उल्लेख नपाइने हुनाले यी गुणकामदेवहरू कहीं उही पुराने लिच्छविवंशके सन्तान ता होइनन् भन्ने प्रश्न उठाउन नसकिने होइन । तर यस विषयमा कुनै निर्णयमा पुग्न यस दृष्टिले बढी खोजी हुनु आवश्यक छ ।

ललितपुर, माणिग्वल -

लिच्छविकालका अभिलेखमा ललितपुर वा माणिग्वलको उल्लेख पाइँदैन । ललितपुर शहरको विकास अनेक ग्रामहरूको समूह मिलेर भएको हो । लिच्छवि-अभिलेखहरूमा ललितपुरभित्रका ती अनेक ग्रामहरूको उल्लेख हामी पाउँछौं; जुन ग्रामहरू पछि टोलका रूपमा परिणत भए[७६] । ती ग्रामहरू-मध्ये केन्द्रमा रहेको `यूपग्राम`को विकास बढी भयो र यो `द्रङ्ग` (व्यापारकेन्द्ररूपको विशेष बस्ती) बन्यो[७७] । अरू ग्रामहरू टोलका रूपमा यस द्रङ्गको अन्तर्गत रहे । यसरी क्रमशः यो भेकले शहरको रूप लिन थाल्यो । दुइ शताब्दी जति पछि अवस्थामा केही स्पष्ट अन्तर देखापर्‍यो । अब `यूपग्रामद्रङ्ग' नामको प्रचलन लुप्त भयो । त्यसको ठाउँ `ललितपुर` ले लियो । ने.सं. १३२को पाटन त्यागलटोलको अभिलेखमा `ललितपुर` को स्पष्ट उल्लेख आइसकेको छ[७८] । यस अभिलेखमा उल्लिखित `ललितेश` महादेवले पनि ललितपुरलाई संकेत गरेको बुझिन्छ ।

कलाप्रति बढी झुकाव भएको सुन्दर शहर हुँदा यस शहरले `ललितपुर` भन्ने संज्ञा पाएको देखिएको छ । यस शहरको केन्द्रभागको ठेट नामको रूपमा अर्को नाउँ `माणिग्वल` पनि मध्यकालमा निकै प्रसिद्ध रहो । ललितपुरका स्वतन्त्र शासकहरूले गर्वसाथ लिने पदवीमा `माणिगलाधिपति` को प्रमुखता रहेको छ[७९] । सो माणिग्वलको पहिलो उल्लेख यसै अभिलेखमा आएको छ । लिच्छविराजा मानदेवले बनाउन लाएको प्रसिद्ध दरबार `मानगृह`को अपभ्रंश भई माणिग्वल, मानिगल, मङ्गल आदि रूप देखापरेका हुन् भन्ने अनुमान गरिएको छ । तर `मानगृह` दरबार ललितपुरमा रहेको देखापर्दैन; साथै मानगृहको अपभ्रंश भई `माणिग्वल` बनेको पनि होइन जस्तो मलाई लाग्छ । बस्तीविशेषलाई कहने `ग्वल` शब्दको उल्लेख लिच्छविकालका अभिलेखमा धेरै ठाउँमा आएको छ । उदाहरणार्थ यग्वल, तेग्वल, गीग्वल आदि `ग्वल` जोडिएका तात्कालिक स्थानविशेषलाई औंल्याउन सकिन्छ[८०] । `ग्वल` यो शब्द संस्कृत `गृह`को अपभ्रंश नभई किरातपरिवारको भाषाको ठेट शब्द हो जस्तो मलाई लाग्छ । यही `ग्वल` शब्दसँग `मणि` शब्दको संयोगले `माणिग्वल` नामकरण भएको देखिन्छ । ललितपुरका अभिलेख, हस्तलिखित ग्रन्थ आदिमा यस भेकका देवता, ठाउँ आदिसँग `मणि` जोडिएको पाइन्छ । मणिकुमार, मणिनाग, मणिमण्डप आदिलाई उदाहरणको रूपमा देखाउन सकिन्छ[८०(क)]। यस दृष्टिले `माणिग्वल`को खोजी गरे निश्चित निष्कर्ष निस्कने देखिन्छ ।

उमामहेश्वर (शिवपरिवार) -

'उमामहेश्वर' को रूपमा शिव र शक्तिको संयुक्त रूपमा उपासना गर्ने चलन लिच्छविकालमै चलिसकेको थियो । पशुपति वाग्वतीपारि मृगस्थली जाने बाटोमा रहेको लिच्छवि-अदारयुक्त सुन्दर उमामहेश्वरले यस कुराको पुष्टि गर्छ[८१] । तर पछि मध्यकालको शुरूमा उमा र महेश्वरलाई मात्र महत्व नदिई शिवपरिवारलाई नै महत्व दिइन थाल्यो । अभिलेखयुक्त यस ताकाका शिव-परिवारका मूर्तिहरूलाई नियालेर हे-यौं भने हामी उक्त कुरा थाहा पाउन सक्छौं । पशुपतिको उमामहेश्वर मूर्तिमा महादेव र पार्वतीको मात्र विशेष चित्रण गरिएको छ; कुमार र गणेशको चित्रण त्यहाँ गरिएको छैन । अब मध्यकालको शुरूमा भने कुमार र गणेशले पनि स्थान पाउन थाले । महादेव, पार्वती, स्वामिकार्तिक (कुमार) र गणेश आफ्आफ्ना सिद्धान्तमा भिन्न रूपका छन् तापनि संयुक्त रूपमा मिलेर रहँदा एक सुखी आदर्श-परिवारको रूपमा देखापर्छन् भन्ने फल्काउने प्रयास मध्यकालमा गरिएको पाइन्छ । संयुक्त परिवारप्रथा यस ताकाको समाजमा फन् बलियो हुँदै गइरहेको हुनाले त्यसको औचित्य सिद्ध गर्ने पनि शिवपरिवारको यस रूपमा चित्रण गरिएको अनुमान हुन्छ । साथै संयुक्त रहने यस्तै भावनाले गर्दा तात्कालिक शासनव्यव-स्थामा समेत 'द्वैराज्य' पद्धतिले बढी स्थान पाएथ्यो ।

यो अभिलेख कुँदिएको पाटन धायूबुको शिवपरिवारको मूर्तिमा पनि उक्त कुराको अभिव्य-क्ति राम्ररी भएको छ । एक सुखी आदर्श-परिवारको विभिन्न मुखमुद्रा चित्रण गर्ने कलाकार सफल छन् । प्रसन्न मुद्रामा अँगालेर सँगै बसेका शिव-पार्वती, गणहरूका साथमा नाच्नामा व्यस्त गणेश, आफ्नै वाहन मयूरमाथि बसेका गम्भीर स्वामिकार्तिक आदिको चित्रण कलाकारले यस मूर्तिमा सफलतापूर्वक गरेका छन् । यसरी मध्यकालको शुरूको मूर्तिकलाको सुन्दर नमूना पनि यस मूर्तिले दर्शाइरहेको छ ।

लोकधारणा -

यस ताकाको समाजको अभीष्ट कुरा प्रायः दुइटा थिए भन्ने देखिएको छ । एक भुक्ति अर्थात् बाचुन्जेल आवश्यक चीज-बीजको सुखसाथ उपभोग गर्न पाउनु; अर्को मुक्ति अर्थात् मरेपछि अरू यातना भोग्नु नपर्ने गरी पुनर्जन्मबाट मुक्त हुनु । शिव, विष्णु आदि देवताको उपासनाले भुक्ति र मुक्ति पाउन सकिन्छ भन्ने लोकधारणा त्यस बेला रहेको देखिन्छ । यस अभिलेखमा र तल दिइएको अर्को अभिलेखमा त्यस्तै धारणा व्यक्त गरिएको पाइन्छ ।

आमा-बाबुप्रति मान्यता, गुरुप्रति भक्ति दर्शाउनु समाजमा सुखी रहन आवश्यक कुरा हो भन्ने धारणा पनि त्यसबेला थियो । यो सानो अभिलेखमा त्यसको पनि स्पष्ट उल्लेख परेको छ ।

विद्याको स्तरमा गिरावट -

मध्यकालको शुरूमा विद्याको स्तर गिर्न लागेको थियो भन्ने संकेत यस ताकाका अभिलेखले दिन्छन् । धायूबुको यस सानो अभिलेखमा अशुद्ध संस्कृतको प्रयोग भएको छ; कनी कनीकन अशुद्ध रू-पमा पद्यरचना गरिएको छ । लिच्छविकालमा पनि जनताले राखनलाएका अभिलेखमा केही अशुद्धि नपाइने होइन[८२] । तर त्यस बेला विद्याको स्तह उठेको देखापर्छ । अब त्यो अवस्था कायम हुन सकेको देखिँदैन ।

यसो हो तापनि यस ताका पनि अनेक विषयको पठन पाठन सर्वात्मना लुप्त भएकै चाहिँ होइन । यस ताका लेखिएका अनेक विषयका हस्तलिखित ग्रन्थहरूले यस कुराको संफना हामीलाई

दिलाउँछन् । साथै यसको एक शताब्दी जति पछि (शिवदेव, आनन्ददेवहरूको पालामा)त एकचौटि फेरि विद्याको स्तरमा पनि उन्नति भएको हामी पाउँछौं । बाहिरबाट ठूलठूला विद्वान् पनि यहाँ आई रहन लागेका थिए[८३] ।

गुणाकामदेवको राज्यकाल र कृति –

राजा गुणाकामदेवले कति वर्ष शासन गरे भन्ने कुरा निश्चित रूपमा भन्न सकिएको छैन । गोपाल वंशावली आदि वंशावलीका रचयिताहरूले यस ताकाका राजाहरूको राज्यकाल आदिको चर्चा गरेको पाइन्छ तापनि तिनमा एकमत देखिँदैन; विभिन्न वंशावलीमा भिन्न भिन्न क्रम र समयको उल्लेख भएको पाइन्छ । यस कारण यसताकाका राजाहरूको क्रम र समयको निर्धारणाको लागि अभिलेख र हस्तलिखित ग्रन्थहरूकै भर पर्नुपर्छ । ने.सं.१०७ (वि.सं.१०४३)को गुणाकामदेवको पालाको यो अभिलेख पाइएको हुनाले यस ताका गुणाकामदेवले राज्य गरिरहेको कुरा निश्चित भएको छ । ने.सं.११० को गुणाकामदेवको राज्यकालमा लेखिएको हस्तलिखित ग्रन्थ पाइएको हुनाले त्यस वेला पनि उनले राज्य गरिरहेको निश्चित भएको छ । `सुमतिपन्जिका' भन्ने उक्त हस्तलिखित ग्रन्थमा गुणाकामदेवको वर्णन गर्दा "राजा श्रीगुणाकामदेवविभुना स्वस्यैकराज्ये कृते" भनी `एकराज्य' मा जोड दिइएको हुँदा `द्वैराज्य' पद्धति यस ताका प्रचलनमा आइसकेको थियो; तर गुणाकामदेवले चाहिं एकच्छत्र नै राज्य चलाएको संकेत पाइन्छ[८४] ।

गुणाकामदेवको राज्यकाल शान्तिपूर्ण र केही समृद्ध रहेको आभास पाइन्छ । यिनले गरेका निकै धर्मकर्मको वर्णन गोपालवंशावलीकारले गरेका छन् । "पशुपतिनाथलाई यिनले एकाइवटा कोश चढाए; पशुपतिमै रहेका ईशानेश्वरको मन्दिरमा तामाको छाना हाले; सुनधाराको निर्माण गरे; कोटिहोम गरे आदि वर्णन गोपालवंशावलीमा परेको छ[८५] । भाषावंशावलीमा गुणाकामदेवले `कान्तिपुर' शहर बसाएको चर्चा परेको छ[८६] । यसो समय विचार गर्दा कान्तिपुर (काष्ठमण्डप-पुरी) बसाउने ती गुणाकामदेव यिनै हुन् भन्ने अनुमान हुन्छ । किनभने कान्तिपुर, काष्ठमण्डपपुरीको प्रामाणिक उल्लेख यसै ताका भने जस्तै पाइन्छ । त्यस ताकाको परिभाषाअनुसार शहरको एक प्रमुख अङ्ग `मण्डप' पनि हुन्थ्यो[८७] । `मण्डप' सभाभवनको रूपमा विशिष्ट अथवा डबलीको रूपमा साधारण पनि हुन्थ्यो । तर `काष्ठमण्डप' नेपाली पुरानो शैलीमा भव्य रूपमा बन्यो । यसो हुँदा यसै मण्डपको नाउँले शहर नै `काष्ठमण्डप' कहलाउन पुग्यो । तर गोपालवंशावलीकारले भने यस महत्वपूर्ण कुराको चर्चा नै गरेका छैनन् । यस कारण अरू प्रमाण नपाइएसम्म यस विषयमा निश्चित रूपमा केही भन्न सकिँदैन ।

## (२ संख्या)

# उदयदेवको पालाको अभिलेख

गरुडध्वज विष्णुको धातुको कोश (कवचविशेष) को पादपीठमा यो अभिलेख कुँदिएको छ[८८]। डा० प्रतापादित्य पाल्द्वारा यो प्रकाशमा आएको छ। गौतमवज्र वज्राचार्यद्वारा प्राप्त चित्रप्रतिलिपिको आधारमा यो पाठ पढिएको हो।

मूलपाठ

१. ॐ सम्वत्सरे शततमे चतुर्व्विंशतिका(धिके) चैताख्यासितद्वादश्यां शशिपुत्रदिने
२. शुभे ।। श्रीमहोदयदेवस्य राज्ये नेपालमण्डले । श्रीजिग्लीदूगमविषये विद्व -
३. त्साधुजनान्विते ।। कोशं प्रदद्याद् गरुडध्वजाय श्रद्धान्वितः श्रीलूपनी म --
४. - । अनेन पुन्येन भवन्तु लोका भुक्तित्वमुक्तित्वफलैः समेताः ।। ० ।।

अनुवाद

ॐ । ने.सं. १२४ (वि.सं.१०६१) चैत्रकृष्णद्वादशी बुधवारको शुभ दिनमा, ठूला श्रीउदयदेवको राज्यमा, नेपालमण्डलमा, विद्वान्हरू र असल मानिसहरू भएको श्रीजिग्लीदूगम भन्ने विषय (जिल्ला)मा,

श्रद्धालु श्रीलूपनले... गरुडध्वज विष्णुलाई कोश चढाए। यस पुण्यले संसारले मुक्ति र मुक्तिको फल पाऊन्।

व्याख्या -

यस ताकाका राजाहरूको शासन-समय र क्रम ठीकसँग थाहा पाउन सकिएको छैन; विभिन्न वंशावलीमा राजाहरूको राज्यकाल र क्रम विभिन्न दिइएको छ; यस कारण यस ताकाका राजाहरूबारे थाहा पाउन अभिलेख र हस्तलिखित ग्रन्थकै भर पर्नुपरेको छ भन्ने कुराको चर्चा माथि पनि गरिसकेको छ। यस अभिलेखबाट ने.सं.१२४ (वि.सं. १०६१)मा नेपालमण्डलका राजाका हैसियतले उदयदेवले शासन गरिरहेका थिए भन्ने थाहा पाइन्छ। यसको लगतपछिको ने.सं.१२५को भक्तपुर भैरवस्थानको अभिलेखमा 'महाराजाधिराज'का रूपमा निर्भयदेवको उल्लेख आएको छ। यसबाट त्यसवेला उदयदेवको शासन समाप्त भइसकेको बुझिन्छ। ने.सं.११६ को एक हस्तलिखित ग्रन्थमा उदयदेव सर्वप्रथम नरेन्द्रदेवका साथमा संयुक्त शासकका रूपमा देखापरेका थिए[८९]। नरेन्द्रदेवको शासनकाल एक वर्ष जतिको मात्र हुँदा त्यसपछि उदयदेव एक्लै शासक बनेथे। नरेन्द्रदेव र उदयदेवमा के नाता पर्दथ्यो भन्ने कुराचाहिँ थाहा पाउन सकिएको छैन।

वंशावलीकारहरूले उदयदेवको राज्यकाल प्रायःगरी ६ वर्ष जतिको दिएका छन्[९०]। हस्तलिखित ग्रन्थ र अभिलेखबाट ने.सं.११६ देखि १२४ सम्म उनको शासन चलिरहेको देखिएको र ने.सं. १२५ मा शासकका रूपमा निर्भयदेवको उल्लेख आइसकेको हुनाले वंशावलीकारले दिएको उदयदेवको राज्यकाल केही मिलेको देखिन्छ।

यस वेलासम्म नेपाल राज्य टुक्रिइसकेको थिएन; नेपाल राज्यभित्र अनेक विषय (जिल्ला) हरू थिए; केन्द्र र ती विषयहरूलाई समेत बुझाउन त्यस वेला 'नेपालमण्डल' शब्द व्यवहृत हुन्थ्यो भन्ने चर्चा माथि प्रस्तावनामा गरिसकेको छ। उक्त कुराको पुष्टि यस अभिलेखले पनि गर्छ। यो अभिलेख उदयदेवले नेपालमण्डलका राजाका हैसियतले शासन चलाइरहेको वेलामा

'जिग्लौद्गम' भन्ने विषय (जिल्ला)मा कुँदाइएको हो । यसवेला काठमाडौं-उपत्यका र आसपासका क्षेत्रमा मात्र नेपालराज्य सीमित थियो भन्ने धारणाले गर्दा यस्ता 'विषय'हरूको खोजीतिर विद्वान्हरूको ध्यान गएको छैन । यस कारण 'जिग्लौद्गम' विषय कता पर्दथ्यो भन्ने यकीन गर्न सकिएको छैन । तर यो प्रदेश गण्डकी प्रस्रवणक्षेत्रमा कतै हुनुपर्दछ भन्ने मलाई लागेको छ । यस विषयमा माथि प्रस्तावनामा लेखिसकेको छु । यस अभिलेखबाट उक्त जिग्लौद्गम विषय विकसित बस्ती थियो भन्ने संकेत पाइन्छ । जिग्लौद्गम विषयको वर्णन गर्दा यस अभिलेखमा 'विद्वत्साधुजनान्विते' भन्ने कुरामा जोड दिइएको छ । यसबाट सांस्कृतिक विकासको दृष्टिले पनि यो प्रदेश निकै अगाडि बढेको संकेत पाइन्छ ।

अर्को कुरा गरुडध्वज (विष्णु) लाई 'कोश' चढाई यो अभिलेख कुँदून लाउने व्यक्तिको नाउँ अलि अर्कै खालको छ; यो हो 'लूपन' । यो कुन परिवारको भाषाको शब्द हो; यो छुट्याउन सके जिग्लौद्गम विषयको स्थाननिर्धारणको लागि यसबाट निकै मदत हुने देखिन्छ । साथै सूद यस जिल्लाको नाउँ पनि भाषाशास्त्रको दृष्टिले विचारणीय छ ।

कोशअर्पण -

यस अभिलेखमा गरुडध्वज (विष्णु) लाई 'कोश' चढाएको कुरा परेको छ । श्रद्धालु भक्तजनले देवदेवतालाई कोश चढाएको वर्णन यस ताका निकै पाइन्छ । गोपालवंशावलीमा पशुपतिलाई कोश चढाउने प्राचीन कालदेखिको शासकहरूको नामसूची परेको छ । 'कोश' शब्दले केलाई लक्ष्य गरिन्थ्यो भन्ने कुरा पहिले स्पष्ट हुन सकेको थिएन । हाले यसबारे केही कुरा प्रकाशमा आएको छ[६१] । देवमूर्तिको देखिने सम्पूर्ण भागलाई ढाक्ने धातुको पातारूपको बाहिरी आवरण-विशेष-लाई 'कोश' भनिँदो रहेछ । अर्को शब्दमा यो 'कवच' रूपको हो भन्न सकिन्छ । यस कुराको पुष्टि यस अभिलेखबाट पनि हुन्छ । यहाँ 'कोशं प्रदद्याद् गरुडध्वजाय' भन्ने उल्लेख परेको छ । साथै यो अभिलेख कुँदिएको धातुको 'कोश' गरुडध्वज विष्णुको मूर्ति अङ्कित त्यसै अनुरूपको पाता-विशेष हो ।

## (३ संख्या)

# भक्तपुर भैरवस्थानको अभिलेख

भक्तपुर तौमढिटोलमा भैरवको प्रसिद्ध मन्दिर रहेको छ । सो भैरवमन्दिर निरैको चोकभित्र एउटा इनार छ । त्यस इनारबाट पानी झिक्दा टेक्ने ढुङ्गा बनाइराखिको एउटा कुनै देवताको पादपीठमा यो अभिलेख कुँदिएको छ । यसको अभिलेख कुँदिएको भाग २२ अङ्गुल लम्बा, ५ अङ्गुल चौडा छ । यो अभिलेखको छेउको केही भाग खण्डित छ । यहाँ ने.सं. १२५ रहेको छ ।

संशोधन-मण्डलद्वारा 'अभिलेख-संग्रह' दोस्रो भागमा यो अभिलेख प्रकाशित भएको छ ।

### मूलपाठ

१. ॐ श्रेयोस्तु: ।। सम्वत् १२५ चैत्रशुक्लत्रियोदस्यां ---
२. महाराजाधिराज श्रीनिर्भयदेवविजयराज्ये: ।। श्रीखपु ---
३. शिवग्वलीचरटोलकवास्तव्य जयचतुपाकन श्रियाधर दवक परक ---
४. देवस्थानार्थं द्वादस मानि धानि प्रज्ञातयति । तिलिक्मराण ---

### अनुवाद

कल्याण होस् । ने.सं.१२५ (वि.सं.१०६२) चैत्र शुक्ल त्रयोदशीको दिन --- महाराजाधिराज श्रीनिर्भयदेवको विजयराज्यमा ।

श्रीखपु --- शिवग्वलको उत्तरटोलमा बस्ने जयचतुपाकले --- --- देवस्थलको लागि बाह्र मानिका धान (आउने खेत) चढाएका छन् ।

व्याख्या -

ने.सं.१२५ (वि.सं. १०६२)को यस अभिलेखबाट यसबेला निर्भयदेवले 'महाराजाधिराज'को रूपमा एक्लै शासन गरिरहेका थिए भन्ने प्रमाणित हुन्छ । यसभन्दा एकवर्ष अघि चाहिँ गद्दीमा राजा उदयदेव थिए भन्ने कुरा तात्कालिक अभिलेखबाट थाहा पाइन्छ । यसको केही कालपछि निर्भयदेवको साथमा रुद्रदेव पनि संयुक्त रूपमा शासक हुन पुगेका देखिन्छन् । ने.सं.१२८ मा लेखिएको एक हस्तलिखित ग्रन्थबाट उक्त कुरा थाहा पाइन्छ । बाबु-छोरा, दाजु-भाई, काका-भतिजा समेतको 'द्वैराज्य' (संयुक्त शासन) खडा गर्ने जुन एक शासनपद्धति थियो; सो पद्धतिले यसताका नेपालको शासनव्यवस्थामा जरो गाडेको थियो भन्ने चर्चा पहिले गरिसकेको छ । द्वैराज्यको उल्लेख परेको ने.सं.१२८ को उक्त हस्तलिखित ग्रन्थमा निर्भयदेवको वर्णन गर्दा 'सुरसन्निभ' (देवता जस्ता) भन्ने विशेषण दिइएको छ[६२] । यसबाट निर्भयदेव अलि सरल प्रकृतिका हुँदा यस ताका रुद्रदेवले अधिकार बढाएको आभास पाइन्छ । हुन पनि यस पछि निर्भयदेवको उल्लेख पाइँदैन; यसपछि उनको शासन समाप्त भएको बुझिन्छ ।

वंशावलीकारले उदयदेवपछि निर्भयदेवले राज्य गरे; उनको राज्यकाल ५ वर्ष जतिको रह्यो भनी लेखेका छन्[६३] । अभिलेख र हस्तलिखित ग्रन्थबाट वंशावलीकारको उक्त वर्णन केही मिलेको देखिएको छ ।

देवताको पादपीठमा यो अभिलेख कुँदिएको हो तापनि कुन देवता स्थापना गरी यो अभिलेख कुँदाइएको हो; सो अहिले भन्न सकिँदैन । यो अभिलेख पाइएको ठाउँमा केही देवमूर्तिहरू भने अहिले पनि छन् । साथै संवत् ८० कुँदिएको लिच्छविकालको ढुङ्गाको ठूलो पात्रविशेष पनि यहाँ रहेको छ[६४] । यसबाट यो ठाउँ लिच्छविकालदेखि नै विशेष देवस्थलको रूपमा रहेको थियो भन्ने संकेत पाइन्छ । पछि यहाँ भैरव स्थापना भएपछि यो स्थल भैरवस्थानको रूपमा अझ प्रसिद्ध हुन पुगेको देखिन्छ ।

लिच्छविकालका अभिलेखमा भक्तपुरभेकलाई `खोप्रिङ्` ग्राम भनिएको पाइन्छ । `प्रिङ्` यो `ग्राम`लाई बुझाउने किरात प्रिवारको भाषाको शब्द हो । जोलिप्रिङ, खसुप्रिङ, याप्रिङ आदि `प्रिङ` शब्द जोडिएका ग्रामहरूको उल्लेख लिच्छविकालका अभिलेखमा धेरै पाइन्छ[६५] । `खो` शायद भातलाई कहने शब्द थियो । जसको आधारमा पछि संस्कृतमा रूपान्तर गरी `भक्तग्राम` भनिएको हो कि भन्ने अनुमान हुन्छ । किन भने यसरी अनुवादको रूपमा संस्कृत नामान्तर गर्ने चलन त्यस ताका थियो । जे होस्; `खोप्रिङ`को अपभ्रंश भई वर्तमान `ख्वप` हुन पुगेको हो ।

लिच्छविकालका र त्यसपछिका अभिलेख आदि ऐतिहासिक सामग्री केलाई हेर्‍यो भने भक्तपुर शहरको विकास क्रमश: भएको हामी पाउँछौं । `खोप्रिङ्`को उल्लेख सर्वप्रथम हामी मानदेवको पालाको देउपाटनको अभिलेखमा पाउँछौं[६६] । त्यहाँ एक ग्रामको रूपमा खोप्रिङ्को उल्लेख आएको छ । अंशुवर्माको समयमा पुग्दा खोप्रिङले `द्रङ्ग` को रूप लिइसकेको थियो । यो कुरा भक्तपुर गोलमढीटोलको अभिलेखबाट थाहा पाइन्छ[६७] । पछि मध्यकालको शुरूमा आएर ललितपुरले जस्तै भक्तपुरले पनि एक विकसित शहरको रूप लिन थाल्यो र आनन्ददेवको पालादेखि राजधानीको रूपमा यसको विकास भयो ।

यो अभिलेख राखिएको ताका (वि.सं.१०६२तिर) यस शहरको विकास केही भइसकेको संकेत यस अभिलेखबाट पाइन्छ । यहाँ शिवग्वल-उत्तरटोलको उल्लेख आएको छ । उत्तरटोलको यस उल्लेखले दक्षिणटोलको पनि अस्तित्वलाई प्रकारान्तरले संकेत गर्छ । यसै गरी अरू टोलको अनुमान गर्न सकिन्छ ।

यस अभिलेखमा देवस्थलको लागि बाह्र `मानि` धान आउने जग्गा गुठी राखेको उल्लेख परेको छ । `मानि` यो शब्द लिच्छविकालका अभिलेखमा देखिएको अनाजको नापोलाई बुझाउने प्रसिद्ध शब्द `मानिका` नै हो भन्ने देखिन्छ[६८] । लिच्छविकालको अभिलेखमा पनि यसलाई `मानि` मात्र भनिएको पाइन्छ; साथै छोटकरीमा `मा`मात्र भनिएको पनि पाइन्छ । यसकारण यस अभिलेखमा प्रयुक्त मानि शब्द उही अनाजको नापोलाई बुझाउने पारिभाषिक शब्द हो भन्ने देखिन्छ । पछि मध्यकालको उत्तरार्धमा गएर यो शब्द प्रचलित हुन छोड्यो ।

# (४ संख्या)

# पाटन गचाननीको अभिलेख

ललितपुर त्यागलटोल गचाननीभित्र शिवपरिवारको मूर्ति छ । त्यस मूर्तिको जलहरीमा यो अभिलेख कुँदिएको छ । यसको अभिलेख कुँदिएको भाग ३१ अङ्गुल लम्बा, ६ अङ्गुल चौडा छ । यहाँ संवत् १३२ रहेको छ ।

संशोधन-मण्डलद्वारा 'अभिलेख-संग्रह' नवौं भागको २४-२५ पृष्ठमा यो छापिएको छ ।

## मूलपाठ

१. ॐ स्वस्ति कैलासवास सिरसि त्रिपथगाश्चन्द्र(मा)ङ्कपाल:
भाति कर्ण्णे भुजङ्ग फणिमणिकिरण कण्ठशिल्टकालं -
२. कूट: प्रेम्नास्वज्य मुखेन्दु ह्मिगिरिस्तनया वामपार्श्वे निधाय ।
सेनानी नृत्यरावगणपतिप्रमथै: पातु व: चन्द्रमौलि:।
राज्ये पुण्यमलङ्कृत यशनि-
३. धि: श्रीरुद्रदेवो नृप: । साधुभ्रातृजपुत्र धर्म्मणिरतिश्रीभोजदेवोपिराट् ।
तावेतौ शशिभास्करोपमतिथौ सन्दर्शकालेहनि नेपाले
४. गहणारविन्दकुमुदश्रीलालितारुये पुरे ।। अथ तेग्वलस्थानस्य भूत्वा
पौरन्दरन्दिशि । भगवच्छ्रीशङ्करसौमो गणै: सार्द्ध शिलामयं ।।
५. तत्र प्रवरसुद्धात्मा वेङ्खाशिलिति धर्म्मभाक् । प्रतिष्ठा देवदेवस्य
चक्रे कीर्तिजिगीषया । मया निर्व्वापितम्पिण्डम्प्रत्यर्थी ये दिवङ्गता: ।
६. ज्ञात्वा ते रुद्रमायाता अनुवरफलाप्तये ।। राजा भवतु तेजस्वी ।
पृथिवी सस्यसम्पदा: । अरोग्य सर्व्वसत्वानान्धन्यसन्तान मे स-
७. दा ।। सम्वत् १३२ प्रथमाशाढशुक्लदिवात्रीयोदश्याम्बृहस्पतिदिने
मैत्रनदात्रन्देव प्रतिष्ठितमिति

## अनुवाद

कल्याण होस् । जो कैलासमा बस्छन्; जसको शिरमा गङ्गाजी र निधारमा चन्द्रमा छन्; जसको कानमा फणाको मणि चम्किरहेको सर्प छ; जसको घाँटीमा कालकूट विष छ; जो आफ्नो बायाँपट्टि रहेकी पार्वतीलाई प्रेमपूर्वक अँगालेर बसेका छन्; स्वामिकार्तिक, नाच्न लागेका गणेश र प्रमथगणसहित भएका महादेवले तिमीहरूलाई रक्षा गरून् ।

नेपालराज्यमा धर्मात्मा, कीर्ति फैलिएका राजा रुद्रदेव हुनुहुन्छ; उहाँका भतिजा, सज्जन, धर्मात्मा श्रीभोजदेव पनि राजा हुनुहुन्छ । औंसीको दिनमा चन्द्र र सूर्य सँग रहे जस्तै उहाँ दुइजना सँग रही मिलेर शासन गरिरहनुभएको छ ।

शुद्ध मन भएका, धर्मात्मा वेङ्खासिंहले कीर्ति फैलियोस् भनी ठूलठूला कमलपोखरीहरू भएको ललितपुर शहरमा, तेग्वल (त्यागल) टोलको पूर्वतिर गणहरू सहितका श्रीशङ्करसौम (उमामहेश्वर)को ढुङ्गाको मूर्तिको प्रतिष्ठा गरे ।

मैले दिएको पिण्ड खाने पितृहरू जो छन्; (महादेव प्रतिष्ठाको यो कुरा) थाहा पाएर, उत्तम फल पाई उनीहरूको रुद्रलोकमा वास होस् ।

राजाको प्रताप बढोस्; पृथ्वी अनाजले भरिभराउ होस्; सबै प्राणीहरू निरोगी रहून्; मेरा सन्तानहरू सधैं भाग्यमानी होउन् ।

ने.सं.१३२ (वि.सं. १०६६) प्रथम आषाढ शुक्ल त्रयोदशी बृहस्पतिवार अनुराधा नक्षत्रमा देवताको प्रतिष्ठा गरिएको हो ।

व्याख्या -

उमामहेश्वर (शिवपरिवार)को मूर्तिको पादपीठमा कुँदिएको यो अभिलेख यस ताकाका उपयोगी अभिलेखमध्ये पर्दछ । यस ताका विद्याको स्तर गिरेको थियो भन्ने चर्चा पहिले गरिसकेको छ । यस अभिलेखमा प्रयुक्त संस्कृत पद्यहरू विचार गर्दा पनि उक्त कुराको पुष्टि हुन्छ । बल्ल तल्ल भावसम्म बुझाउने अशुद्ध संस्कृतमा यो अभिलेख कुँदिएको छ । तर तात्कालिक धार्मिक र राजनैतिक अवस्थाको अलिकता झल्क दिन भने यो अभिलेख समर्थ छ । यस कारण यस अभिलेखको केही महत्व रहेको छ ।

शिव र पार्वतीको संयुक्त रूपमा उपासना गर्ने चलन लिच्छविकालमै प्रचलित भइसकेको थियो । तर मध्यकालको शुरूमा आएर शिव र पार्वतीको साथै कुमार र गणेशलाई समेत सम्मिलित गराई 'शिवपरिवार'को रूपमा उपासना गर्ने चलन बढी रहो । यस ताका काठमाडौं-उपत्यकाभित्र मात्र होइन, उपत्यकाबाहिर पनि शिवपरिवारका मूर्तिहरू हामी भेट्टाउँछौं । उदाहरणार्थ गोरखा हनुमान् भन्ज्याङमा रहेको उमामहेश्वरको मूर्तिलाई औंल्याउन सकिन्छ । उपत्यकाभित्र त 'शिवपरिवार'का मूर्ति प्रशस्त पाइन्छन् । तिनमध्ये मितितिथिसहितको यो मूर्ति पनि एक हो । महादेव, पार्वती, स्वामिकार्तिक र गणेश आफ आफ्ना सिद्धान्तमा भिन्न रूपका छन् तापनि संयुक्त रूपमा मिलेर रहँदा एक सुखी आदर्श-परिवारको रूपमा देखापर्छन् भन्ने झल्काउने प्रयास ती मूर्तिहरूमा गरिएको पाइन्छ । यस ताका संयुक्त परिवार प्रथा समाजमा झन् बलियो हुँदै गइरहेको हुनाले पनि संयुक्त रूपमा 'शिवपरिवार'को उपासना गर्ने भावना प्रबल भएको बुझिन्छ ।

नेपालमा गणेशको पूजा अनेक रूपमा गरिन्छ । 'नासः'(नृत्येश्वर)को रूपमा पनि यहाँ गणेशपूजा हुन्छ । यसको शुरुआत मध्यकालको शुरूमै भइसकेको संकेत यस अभिलेखले दिन्छ । यस अभिलेखमा गणेशको विशेषण 'नृत्यराव' भन्ने दिइएको छ । साथै अरू गणका साथ नाच्न लागेका गणेशको चित्रण यस मूर्तिमा गरिएको छ । माथि गएको पाटन घायूबुको शिवपरिवार-को मूर्तिमा पनि नाच्न लागेका गणेशको चित्रण गरिएको छ ।

मध्यकालको शुरूदेखि अन्त्यसम्म नै भनें जस्तै नेपालको राजकाजमा असर पारेको 'द्वैराज्य' शासनपद्धतिको अलिकता झल्क यस अभिलेखबाट पाइन्छ । यस अभिलेखमा राजाका रूपमा रुद्रदेव र भोजदेवको चर्चा परेको छ । यी रुद्रदेव र भोजदेव काका भतिजा हुन् भन्ने कुरा पनि यस अभि-लेखबाट थाहा पाइन्छ । औंसीको दिन सूर्य र चन्द्र जसरी सँगै रहन्छन्; त्यसै गरी रुद्रदेव र भोजदेवले सँगै रही शासन चलाइरहेका छन् भन्ने वर्णन पनि यस अभिलेखमा परेको छ । 'द्वैराज्य' शासनपद्धतिको आदर्श नै यो थियो । चन्द्र र सूर्य मिलेर रहे जस्तै बाबु छोरा, दाजु भाइ, काका भतिजा आदिले मिली संयुक्त रूपमा शासन चलाएपछि अधिकार हात लाउन गरिने षड्यन्त्रले कम स्थान पाउँछ र यो बलियो हुन्छ भन्ने भावना यस पद्धतिमा रहेको थियो । तर द्वैराज्यपद्धतिले मध्यकालको नेपालको राजकाजमा कमजोरी नै बढी त्याएको देखापरेको छ । यसबाट शासनमा स्थिरता आउन सकेन । यस कुराको विशेष चर्चा माथि गरिसकेको छ ।

यस अभिलेखमा भोजदेवलाई रुद्रदेवका 'भ्रातृजपुत्र' भनी लेखिएको छ । यस शब्दको अर्थ भतिजा अथवा नाति दुवै हुन सक्छ । श्री लुशियानो पेटेक आदिले यस शब्दको आधारमा भोजदेवलाई रुद्रदेवका नाति भनेर लेख्नुभएको छ । तर प्रसिद्ध विचार गर्‍यौं भने उनी रुद्रदेवका भतिजा नै हुनू भन्ने देखिन्छ । कनीकुथी बनाइएको पद्य मिलाउन मात्र सो पद प्रयोग गरिएको हो । रुद्रदेवलाई मिचेर भोजदेव एक्लै नै अगाडि बढेको पनि देखिएकोले नाति भए कच्चै उमेरकाले यसो गर्नु सम्भव देखिंदैन ।

लिच्छविकालका अभिलेखमा 'ललितपुर' उल्लेख पाइदैन । यूपग्रामद्रङ्ग अन्तर्गतका अनेक ग्रामहरू मिलेर 'ललितपुर' शहरको विकास भएको हो । अहिलेसम्म पाइएका अभिलेखमा 'ललितपुर' को स्पष्ट उल्लेख सर्वप्रथम यसै अभिलेखमा भएको देखिएको छ । यद्यपि यसभन्दा केही अघिको पाटन नारुगुको ने.सं. १०७ को अभिलेखमा 'ललितेश' महादेवको चर्चा आएको हुनाले 'ललितपुर' संज्ञा पहिले नै रहिसकेको संकेत पाइन्छ । यस अभिलेखमा ललितपुरको वर्णन गर्दा 'गहणारविन्दकुमुद' भनिएको हुनाले कमलपोखरी आदि कुराले रमणीय हुंदा 'ललितपुर' भन्ने संज्ञा रहेको आभास पाइन्छ ।

शिवपरिवारको यो मूर्ति रहेको ठाउंलाई हाल 'त्यागलटोल' भनिन्छ । यो ललितपुरको पूर्वभागमा रहेको छ । यस अभिलेखमा यो ठाउंलाई 'तेग्वलस्थान' भनिएको छ । लिच्छविकालका अभिलेखमा पान्चालीहरूको प्रसङ्गमा यस भेकको एक पान्चालीको नाम 'तेग्वलपान्चाली' भन्ने आएको छ । प्रत्येक ग्राममा एक पान्चाली रहने नियम त्यस वेला थियो । यसबाट लिच्छविकालमा तेग्वल एक ग्रामको रूपमा थियो । पछि ग्रामसमूह मिली 'ललितपुर' शहरको विकासभएपछि तेग्वल ग्रामले तेग्वल (त्यागल) टोलको रूप लिएको देखिन्छ । यसै गरी लिच्छविकालको थम्वूग्राम आदिले थम्बूटोल आदि रूप लिएको उदाहरण पनि पाइन्छ ।

मध्यकालको प्रामाणिक प्रस्तरमूर्तिको दृष्टिले पनि यस शिवपरिवारको मूर्तिको केही महत्व रहेको छ । पाटन घोंयूबुको शिवपरिवारको मूर्ति जस्तै यो मूर्ति पनि सुन्दर नै छ । यस ताका विद्याको स्तर केही गिरेको देखिएको छ तापनि कलाकारिताको स्तर चाहिं गिरेको थिएन भन्ने कुरा यी मूर्तिहरूले देखाउंछन् ।

यसै गरी यस अभिलेखबाट शैवधर्मको दर्शनपद्धामा आएको केही अन्तर, तात्कालिक लोकधारणा आदिबारे पनि केही संकेत पाइन्छ ।

(परिशिष्ट)

संक्षिप्त गोपाल-राजवंशावली

वैज्ञानिक ढङ्गले कार्य, कारण, परिणाम आदि कुराको विवेचनासहितको इतिहास लेख्ने परम्परा हाम्रो यहाँ उहिले थिएन तापनि राजाहरूका नाम, क्रम, राजपरिवर्तन आदि केही प्रमुख घटनाको वर्णन पारी 'वंशावली' संग्रह गर्ने परम्परा भने हामीकहाँ उहिलेदेखि थियो। अहिले पाइएका यस्ता वंशावलीहरूमा स्थितिमल्लको ताका (विक्रमको पन्ध्रौं शताब्दीको पूर्वार्ध-मा) संग्रह गरिएको 'गोपाल-राजवंशावली' को निकै ऐतिहासिक महत्व रहेको छ। गोपालवंशी राजाहरूको पालादेखिको वर्णन त्यस वंशावलीमा परेको हुनाले पछि सो नामकरण गरिएको हो। त्यसमा दुइ खण्ड छन्। पहिलो खण्डमा गोपालवंशी राजाहरूदेखि स्थितिमल्लहरूको पालासम्मको संक्षिप्त वंशावली नाममात्रको संस्कृतमा लेखिएको छ। दोस्रो खण्डमा 'स्वस्ति भूतवृत्तान्त च शृणु' (अब भएका घटनाहरू पनि सुन) भनी प्रमुख घटनाको वर्णन तिथिमितिसहित तात्कालिक नेवारीमा टिपिएको छ। नेपालका शुरुदेखिका राजाहरूबारे विचार गर्न पहिलो खण्ड पनि केही उपयोगी छ तापनि तात्कालिक कुरा बुझ्न दोस्रो खण्डको ऐतिहासिक महत्व भने निकै रहेको छ। यसरी मध्यकालको कुरा बुझ्न उपयोगी ऐतिहासिक सामग्रीहरूमा गोपालवंशावलीको पनि प्रमुख स्थान रहेको छ।

स्थितिमल्लपछि पनि 'संक्षिप्त गोपालवंशावली' तयार गर्ने परम्परा जारी रह्यो। विभिन्न समयमा संकलित यस्ता संक्षिप्त गोपालवंशावली अनेक पाइएका छन्। माथिल्लो भाग प्राय: गरी मूल गोपालवंशावलीकै शैलीमा राखी तल्लो भाग चाहिं थप्दै गएको हामी तिनमा पाउँछौं। यस्तो संक्षिप्तवंशावली प्राय: संस्कृतमै लेखिएको बढी पाइन्छ। उही स्रोतको आधार-मा संकलित भए पनि प्रत्येक प्रतिमा केही न केही विशिष्टता रहेको पाइने हुनाले तुलनात्मक अध्ययन गर्न तिनको पनि स्वत: उपयोगिता रहेको पाइन्छ। श्रीलुशियानो पेटेकले केशर-पुस्तकालयमा रहेको संक्षिप्त गोपालवंशावली प्रकाशमा ल्याउनुभएपछि सो निकै उपयोगी ठहरियो[९९]। तर सो अपूरो छ। हालै त्यस्तै अर्को पूरा संक्षिप्त गोपालवंशावली प्राप्त भएको छ[१००]। यो वंशावली गोरखामा पाइएको हुनाले यसको विशिष्टता अझ बढी रहेको छ। गोरखामा पनि गोपालवंशा-वलीकै परम्परामा वंशावली लेख्न लाउने परम्पराको अनुसरण गरिएको संकेत यसबाट पाइन्छ। अर्को कुरा यस संक्षिप्त वंशावलीमा उल्लिखित केही कुरा नौला छन्। उदाहरणार्थ प्रसिद्ध लिच्छवि राजा मानदेवसम्बन्धी यहाँ परेको वर्णनलाई लिन सकिन्छ। मानदेवसम्बन्धी त्यस्तो उल्लेख पहिले अन्त देखिएको थिएन। यसै गरी ठाउँ ठाउँमा अन्त पनि केही विशिष्टता यस वंशावलीमा परेको छ। यस कारण परिशिष्टको रूपमा यस वंशावलीलाई यहाँ समावेश गरिएको हो। यसबाट पाठकलाई मध्यकालबारे विचार गर्न पनि केही मदत हुनेछ।

मूलपाठ

(१)

१. ॐ नम। श्रीपशुपतये ।। ।।क्रमेन वर्तमाने कलियुगे समस्तभूपालमौलिमालाचरणाम्बुजस्य: रा -

२. जा श्रीमत: पृथिवस्थिता राजा हिमवत: शैलमध्यवर्जिनि महारथिभूतमण्डले भृंगारेश्वर भट्टारक प्रादुर्भू -

३. त: तदनु गौतमादिभि ऋषिगणैस्तत्र गौतमेश्वरादयो देवा: प्रतिष्ठिता अनंतरे भृंगरेश्वर भट्टारक इलेमा -

४. न्तकवनि विहरति स्म ।। नेपनामा गोपाली वभूव तस्य कपिलावी वाग्मतीविगत्वा तया क्षिरधारया
५. संसिविन् भूप्रदेशे श्रीमान्पशुपति प्रगासित, तेन नेपनाम्ना गोपालेन पशुपति प्रतिष्ठा कृत: ।। त -
६. त परेन गोपालवंशानी क्रमेन राज्य भुक्ति ।। तत्राद्य राजा श्रीभून्मागह वर्ष ८४ राजा श्रीजयगु -
७. प्त वर्ष ७३ मास ३।। राजा श्रीपरमगुप्त वर्ष ६१।। राजा श्रीहर्षगुप्त ६७।। राजा श्रिभिमगुप्त वर्ष ३८।। राजा श्रीमनीगुप्त वर्ष ३७।। रा-
८. जा श्रीविष्णुगुप्त वर्ष ४६।। राजा श्रीजयगुप्त वर्ष ७१ मा १।। एवमष्टौ श्रीगोपाल-राजान: । तत गोपा -
९. लान् निर्जित्य महि(ष)पाल क्रमेन राज्यप्रतिपालनाय: राजा श्रीवरसिंह वर्ष ४९।।राजा' श्रीजयसिंह

(२)

१. वर्ष २१ मास ७।। राजा श्रीभुवनसिंह वर्ष ४१ ।। एते नु गोपाल महि(ष)पाला राजानी भवंति।। ।। तत
२. पश्चात्सवूर्वकिरातराजा प्रवृत ।। राजा श्रीएलं वर्ष ९० राजा श्रीपंमि वर्ष ७९ मास ३ ।। राजा श्रीधस्कं व-
३. र्ष ३७ ।। रार्जा श्रीवलंच वर्ष ३१ मास ६ ।। राजा श्रीहृति वर्ष ४१ मास १ ।। राजा श्रीहुमति वर्ष ५०।। रा-
४. जा श्रीतुस्क वर्ष ४१ मास ८ ।। राजा श्रीशुपस्थ वर्ष ३८ मास ६।। राजा श्रीपर्व वर्ष ५६ ।। राजा श्रीजित्य
५. दास्ति वर्ष ६० ।। राजा श्रीपच्यं वर्ष ७१ ।। राजा श्रीक्यंक्यं वर्ष ५६ ।। राजा श्रीस्वनंद वर्ष ५० मास ८ ।।
६. राजा श्रीथुंको वर्ष ५८।। राजा श्रीगीघृ वर्ष ६० मास २।। राजा श्रीजन्य वर्ष ७३ मास २ राजा श्रीलुकं वर्ष
७. ६० मास १ राजा श्रीथीर वर्ष ७१ ।। राजा श्रीथोक्को वर्ष ८३।। राजा श्रीवर्म्म वर्ष ७३ मास ६ ।। राजा श्री-
८. गुंज वर्ष ७२ मास ७ राजा श्रीपूस्कं वर्ष ८१ ।। राजा श्रीत्यस्नु वर्ष ५६ ।। राजा श्रीभुग्मं वर्ष ५८ ।। राजा
९. श्रीसस वर्ष ६३ ।। राजा श्रीगुनं वर्ष ७४ ।। राजा श्रीसिंनु वर्ष ७४ ।। राजा श्रीगलिजं वर्ष ८१ ।। एते कि-

(३)

१. रातराजान ।। ।। अथान्तरे सूर्यवंसोत्पति कथ्यते ।। कल्पाति भगवद्विष्णुनाभि-कमलोद्भवो ब्राह्म
२. प्रादुर्भूत ।। ब्रह्मन पुत्र मरीची । मरिचि पुत्र कश्यप ।। कस्यपस्य पुत्रो भगवां सूर्य:।। सूर्यस्य पुत्रो मनू ।।
३. मनो पुत्र काकुत्थ ।। काकुत्थस्य पुत्र वेणु:।। वेणो पुत्र पृष्प ।। पृष्पपुत्र अनन्य ।। अनण्यस्य पुत्रो पृथू ।।
४. पृथूपुत्र स्त्रिशंकर ।। स्त्रीसकरस्य पुत्रो धुंधिमार ।। धुंधिमारस्य पुत्र: पवनास्व।। पवनास्वपुत्र मांधा-

५. ता ।। मांधातास्य पूत्री सुशंधि ।। सुसंधिस्य पुत्री धृतिसंधि ।। धृतिसंधिस्य पूत्र भरत ।। भरतस्य पूत्री
६. असित ।। असितस्य पूत्र सगर ।। सगरस्य पूत्र असमंज ।। अशमंजस्य पूत्री अंशुमान ।। अंशुमानस्य
७. पूत्री दिलीप ।। दिलिपस्य पूत्री भगीरथ ।। भगिरथस्य पूत्री ककुत्स्थ ।। ककुत्स्थ पूत्री रघु ।। रघुस्य
८. पूत्री कल्माषपाद ।। कल्माषपादस्य पूत्री संखने ।। संषनिस्य पूत्री संमुद्रसेन ।। समूद्रसेन्न-स्य पूत्री अ-
९. ग्नीवर्ण ।। अग्नीवर्णस्य पूत्री श्रीगर्ग ।। श्रीगर्गस्य पूत्री पशूसुत । पसूसुतस्य पुत्री अम्बरीष ।। अ

(४)

१. म्बरीषस्य पूत्री नहुष ।। न(हु)षस्य पूत्री वनाभाग ।। वनभागस्य पुत्री अज ।। अजस्य पुत्री भगी-
२. रथ ।। भगीरथस्य पूत्री दशरथः ।। दशरथस्य पूत्र राम ।। रामस्य पूत्र लवकूशौ ।। लव-कूसस्य पूत्र
३. स्यात् ।। एते अजोध्यानृपा वर्त्ते ।। ।। अत परे इदवाकूवंसे ।। वीसाल ।। विसाल पूत्रः हेमचन्द्र ।। हे-
४. मचन्द्रस्य पूत्र सुचन्द्र ।। सुचंद्रस्य पूत्र धूमा ।। धूमास्य पूत्र सृंजये ।। सृंजएस्य पूत्री सूवर्णषाति ।।
५. सुवर्णषातिस्य पूत्री कृशाश्वः ।। कृसाश्वस्य पूत्र सोमदत्त ।। सोमदत्तस्य पूत्री वंशजन्मेजयः वंशज-
६. न्मेजयस्य पूत्री प्रमिति ।। प्रमितिपूत्री मतिमान् ।। मतिमानस्य पूत्री वंसे ।। वंसे पुत्री०।। एते नृप
७. विमाननगरी अवतार्य्य सूर्य्यवंश भगवान् बभूवू ।। ।। अथ नेपाले किरातप्रवेश पून किरातान्
८. विनिर्ज्जित्य ।। राजा श्रीनिमिषित काल वर्ष ५० ।। राजा श्रीमता रात्र वर्ष ६१।। राजा श्रीकाकवर्म्मा वर्ष
९. ७६ ।। राजा श्रीषष्टपूष्पदेव वर्स ५६ ।। अनेन नेपालभूमि चातुर्वर्णमयि कृता ।। राजा श्री-

(५)

१. भास्करवर्मा वर्ष ७४।। राजा श्रीभूमीवर्मा वर्ष ४१ ।। राजा श्रीचन्द्रवर्मा वर्ष २१ ।। राजा श्रीजयवर्मा वर्ष ६२ ।।
२. राजा श्रीवर्षवर्मा वर्ष ५७।। राजा श्रीसर्ववर्मा वर्ष ४८ ।। राजा श्रीपृथिवर्मा वर्ष ५६ ।। राजा श्रीजेष्टव-
३. र्मा वर्ष ४८ ।। राजा श्रीकूबेरवर्म्मा वर्ष ६४ ।। राजा श्रीहरीवर्मा वर्ष ७६ ।। राजा श्रीसिद्धिवर्म्मा वर्ष ६१ ।। रा-
४. जा श्रीहरीदत्तवर्मा वर्ष २६ ।। राजा श्रीवसुदत्तवर्मा ३३ ।। राजा श्रीसिरीपति वर्मा वर्ष ३ ।। राजा श्रीवृ-
५. द्धिवर्मा वर्ष ७७।। राजा श्रीवशन्तदेववर्मा वर्ष ६१ ।। राजा श्रीपुष्पदेववर्म्मा वर्ष ५६ ।। राजा श्रीभास्कर-

६. देव वर्ष ७४ ।। राजा श्रीभूमिवर्मा वर्ष ५१ ।। राजा श्रीचन्द्रवर्मा २१।। राजा श्रीजय-
वर्मा वर्ष ६७ ।। राजा श्री-
७. वर्ष वर्मा वर्ष ५५ ।। राजा श्रीसर्व्ववर्मा वर्ष ४८ राजा श्रीपृथिवर्मा वर्ष ७६ ।। रा-
जा श्रीजिष्टवर्मा वर्ष ६८ ।।
८. राजा श्रीकुबेरवर्मा वर्ष ७५ ।। राजा श्रीहरीवर्मा वर्ष ४६ ।। राजा श्रीसिद्धिवर्मा वर्ष
६१ ।। राजा श्रीहरिद-
९. त्तवर्मा वर्ष २९ ।। राजा श्री(व)सुदत्तवर्मा वर्ष ३३ ।। राजा श्रीपतिवर्ष ३५ ।। राजा
श्रीसिववृद्धिवर्मा वर्ष ७७ ।।

(६)

१. राजा श्रीवसन्तदेववर्मा वर्ष ६१ राजा श्रीशिवदेववर्मा वर्ष ५७ ।। राजा श्रीवृषदेववर्मा
वर्ष ५७ ।। तेन
२. सागु महाचैत्र भट्टारकाय प्रतिष्ठितं ।। ।। राजा श्रीशंकरदेव वर्ष ५० ।। राजा श्रीधर्म्म-
देव वर्ष ५१ ।। ।।
३. तत अवंसज प्रतिपालित पुत्र ।। राजा श्रीमानदेव वर्ष ३९।। सुसस्ततहिन ।। मानविहाराश्च
।। राजाश्री-
४. धानि मानगृहं स्मपरमसमेतं दिर्घिकाद्रयशयुक्त चतुसावतमोदनधारवेष्टितं।। राजा श्रीमहि-
५. देव वर्ष ५१ राजा श्रीवशन्तदेव वर्ष ५६ ।। राजा श्रीउदयदेव वर्ष ४७ ।। राजा श्री-
मनदेव वर्ष ४५ ।। रा
६. जा श्रीगुनकामदेव वर्ष ५० ।। राजा श्रीशिवदेव वर्ष ४१ मास ६ राजा श्रीसिवदेव वर्ष
४१ मा ६ ।। राजा
७. श्रीनरेंद्रदेव वर्ष ३४ ।। तेन पशुपतिभट्टारकाय अनेकरत्नविचित्रकोषं संप्रदत्तं ।। राजा
श्रीभीमदेव
८. देव वर्ष १६ ।। तत्परेन सूर्यवंश विनिर्जित्य पुनश्च गोपालवंश राज्यं करोति ।। राजा
श्रीवि(जि)ष्णुगुप्त वर्ष ७४।।
९. राजा श्रीविष्णुगुप्त ६१।। राजा श्रीभूमिगुप्त वर्ष ४५।। ।। भूयोपि सूर्यवंशी राज्यं
चकार ।। राजा श्रीशिवदेव

(७)

१. वर्ष ४१ ।। तद्भगीय राजा अंशुवर्मा वर्ष ५३ ।। तेन व्याकर्णादिशास्त्रश्च कृतवान्
तस्य राजा पुत्र श्रीमा-
२. न ततः गवुदेश्वर आगतेन नेपाल व्याहार प्रतिष्ठितवान् कृत्य वर्ष १०।। राजा श्रीकृतवर्मा
वर्ष १८
३. ।। राजा श्रीभिमार्जुनदेव वर्ष ३७ ।। राजा श्रीनंददेव वर्ष १३ ।। राजा श्रीशीवदेव
वर्ष १६ ।। यथासुखि भिदाश्च
४. कृता सास्त्रदिश्च ।। राजा श्रीनरीन्द्रदेव वर्ष ३३।। राजा श्रीवलदेव वर्ष १७।।
राजा श्रीशंषरदेव वर्ष १२ ।। राजा
५. श्रीवर्द्धमानदेव १६ ।। राजा श्रीशंकरदेव वर्ष १२।। राजा श्रीभिमार्जुन वर्ष १६ ।।
राजा श्रीजयदेव वर्ष १९।। रा-
६. जा श्रीवलदेव वर्ष १६ ।। पश्चात् भोटमंडले स्वराज्यं करोति।। राजा श्रीरुद्रदेव वर्ष
२७।। तेन पुन भोटान्तप-

७. पूर्यंत निष्कंठकराज्यं करोति । राजा श्रीजयदेव वर्ष ४२ मास ११।। राजा श्रीवलदेव
वर्ष ११ ।। राजा श्रीवाला-
८. र्जुनदेव वर्ष ३६ मास ७ ।। राजा श्रीमानदेव वर्ष ३६ ।। तेन वल्वनादंतवनीमी
प्रतिष्ठितं ।। राजा श्रीराघ-
९. व वर्ष ६३ मा ८।। राजा श्रीशंकरदेव वर्ष १८ मा ६।। राजा श्रीसहदेव वर्ष ३३
मास ६।। राजा श्रीविक्रमदे-

(८)

१. व वर्ष १।। राजा श्रीनरेंद्रदेव वर्ष १ मा ६ ।। राजा श्रीगुणकामदेव वर्ष ८५ मास ६।।
तेन पशुपति भट्टा-
२. रकाय एकादश कोष प्रदत्तं ।। राजा श्रीउदयदेव वर्ष ६ ।। राजा श्रीनीर्भयदेव वर्ष ५ ।।
राजा श्रीभोजदेव रु-
३. द्रदेव वर्ष ९ माश ७।। भोजदेवेन श्रीमंण्डप विनाशिता ।। राजा श्रीलक्ष्मीकामदेव वर्ष
२१ ।। तेन हि चंपट-
४. पश्चात्सहिते सवत्सरे नीधाने राष्ट्र सान्ती कृता ।। जयदेव वर्ष ७० ।। तेन हि
ललितपूर अर्द्धराज्यं कृत्य वर्ष १० ।।
५. राजा श्रीभास्करदेव जयदेव उभयराजा वर्ष ७ मास ४ ।। तेन हि भास्करदेवेन पिति
मौलि कृत १०।। राजा श्रीव-
६. लदेव वर्ष १२ ।। राजा श्रीपद्मदेव वर्ष ६ ।। राजा श्रीनागार्जुनदेव वर्ष ३।। राजा
श्रीशंकरदेव वर्ष १७ ।। तेन देवकू-
७. लं च पूनं कृत्य ।। राजा श्रीवामदेव ३ ।। हर्षदेव वर्ष १६ ।। राजा श्रीवामदेव वर्ष ३
राजा श्रीहर्षदेव वर्ष १६ ।।
८. राजा श्रीशिवदेव वर्ष २७ मास ७।। राजा श्रीइन्द्रदेव वर्ष १२ राजा श्रीमानदेव वर्ष
४ मास ७ ।। राजा श्रीन-
९. रेंद्रदेव वर्ष ६ माश ४ ।। राजा श्रीनंददेव वर्ष २० ।। सम्वत् २६७ पौष कृष्ण त्रयी
शुक्रदिन श्रीरुद्र (श्रीनंद)

(९)

१. देवपूष्पाभिषेकं कृतवान् ।। राज्ये पूष्पाभिषेकात् तुषारवृष्टिश्च भवति ।। राजा
रूद्रदेव वर्ष ८ मा १ ।।
२. राजा श्रीमृतदेव वर्ष ३ मा ११ महादुर्भिक्षं भवति ।। सम्वत् २९९ कार्तिक कृष्ण षष्टि
शुक्रवार ।। राजा श्रीसो-
३. मेश्वर वर्ष ६ मा ३ ।। राजा श्रीविजयकामदेव वर्ष ५० मास ७ ।। राजा श्रीअरीमल्ल-
देव वर्ष ३१ मास ९ ।। राजा
४. श्रीअभयमल्लदेव ४८ मा २ महामारी अनावृष्टि दुर्भिक्षा प्रजाक्षय भूमिकम्प क्षत्रभंग ।।
सम्वत् ३७५ आ-
५. षाढ शुक्ल २ पूनर्व्वसु सोमवासरे ।। राजा श्रीजयदेव वर्ष २ माश ७ ।। राजा श्रीअनन्त-
मल्लदेव वर्ष ३२ मा १० ।।
६. नेपाल यूवराजिनि विरमदेवीनां कृत्य सोमेश्वरनीमं देव कृत पून चंगु देवाल्य कृतं ।। ध्वजा
७. रोहनं च ।। पून इन्द्रकूट प्रतिष्ठितं ध्वजारोहनं च ।। जयशिलमंता विरमदेवी ।। तत्रा
न्तरे राजा ज-

८. यानन्ददेव वर्ष ।। अन्तरे जयतुंगमल्लस्य आत्मज: श्रीजयरूद्रमल्लदेव प्रभृतिन स्वकूटु-
९. वश्रीजयारीमल्लदेव, पुष्पाभीषेकं कृत्य राजा भुक्तिमात्रं ददौ ।। तत्रान्तरे आदित्यमल्ल नेपा-

(१०)

१. ले प्रतिष्ठित ।। सम्वत् ४४८ चैत्र शुक्ल पूर्णिमा ललितग्राम् डँडे भवति ।। तदन्तरे पूर्व्वा शृतानागत ।।
२. अथ वंसावलि लिष्यते ।। ।। नन्देन्दुशून्यशशि १०१९ सम्मतशाकवर्षे त श्रावनस्य धवले मुनीति-
३. थ्यधस्तात् । स्वात्यां शनिश्चरदिने रिपूमर्दलग्ने श्रीनान्यदेवनृपतिर्विदधित वास्तुं ।। श्रष्टा नान्य-
४. पतिर्व्वभुव तदनु श्रीगांगदेव नृप, तत्सूनुर्न्नरसिंहदेवनृपति श्रीरामसिंहस्तत:। तत्सूनूर्भव-
५. सिंहदेव उदित श्रीकर्म्मसिंहसूत, तत्सूनुर्हरसिंहदेवनृपति कर्णाटचूडामनी ।। वानाब्धियुग्म-
६. शसि १२४५ सम्मत शाकवर्षे पौषस्य शुक्लनवमि रविसुनूवारे ।। त्यक्त्वा स्वपट्टनपुरं हरसिंहदेवो
७. दुर्द्देवदेशितपथो थ गिरिं विवेश ।। तत्सूनु, जलधाविवेन्दुरूदितौ वल्लालसिंहस्ततो जातो देव-
८. गणोपगीतमहिमा श्रीदेवमल्लो नृप. ।। तस्याभूदथ नागमल्लनृपतिस्तस्यापि जात: सुत ।।
९. प्रोधन्मूर्त्तिरशोकमल्लसुकृति प्रतापोनृप ।। तस्यात्मजोजनि जयस्थितिमल्लदेव तस्मादभून्नर-निधिर्जयय-

(११)

१. दामल्ल, । यो विश्वविश्रुतमहोग्रतरप्रतापो धर्म्मानुरक्तमतिरस्य च रायमल्ल, तस्मादभुन्भूवनम-
२. ल्ल इति प्रशिद्ध, ।। श्रीप्राणमल्ल वसुकल्पतरूस्ततोऽभूत् ।। मार्तण्डवज्जनिरीतोजनि विश्वमल्लस्त्रै-
३. लोक्यमल्लनृपति: पुनरस्य पुत्र, ।। दिराब्धेरिव चन्द्रमा किमु रवेर्व्यत्प्रभामंडलं किं कर्ण किमु
४. वार्जुणोजनि जगत्सारिरूदारिगुने, ।। एतस्माद् विविधानवद्यविलसद्विद्यान्वित श्रीजगज्ज्योति-र्मल्ल-
५. नरेंद्रव्(न्द) तिलकिभूताघ्रिपंकेरूह ।। तत्सुनु श्रीसुमतिजयजितामित्रमल्लात्मजश्रीभूपतिन्द्रमल्ल
६. तस्यात्मज श्रीरणजितमल्ल तेन वर्ष ४८ राज्यं कृतवान् आदौ शप्तकौशिक्यात राज्यं कृतवान्, पश्चा-
७. त् वृद्धसमहे कासिमरणं जात ।। नेपालशम्वत् ८९० कार्तिक शुक्ल ११ एतस्मीन् दीणो गोरक्षिय भूप
८. आदौ द्वादश सह्यगृह (भक्तपटनप्रविश) ।। सोमवंशोद्भव महाराजा श्री ५ पृथिवनारायण साहवहा-
९. दुर सम्सेर जंङ०देवेन श्रीरणजितमल्ल श्रीजयप्रकाशमल्लश्रीतेजनरसिंहमल्लभूपत्रयं नीर्जि-

(१२)

१. त्य दाल्मण्डप ललितपट्टनभक्तपट्टननगरत्रयाधिकृतवान्, अथ च शप्तकौसिकिशप्तगंडक्या-
२. तराज्यं कृतवान्, वहुराजा नीर्जीत्य राज्यं कृतवान् वर्ष ५२ श्रीपृथिनारायण साहस्य पत्र श्रीसिं-

३. हप्रतापसिंह साहव वहादुर सम्सेर जङ्ग०देवेन वर्षा २ माश ११ राज्यं कृतवान् . तत श्री शके १६९९

४. मार्गशिर्षकृष्णातृतियायां तस्य पूत्र श्रीरणवहादुरसाह सर्म्सेजङ्ग०देवेन श्रीहरकूमारदत्तसे

५. आदौ नीर्जित्य कालिङङ्क्यातं ।। सम्वत् १८४६ साल आषाड शुदि १५ वाइस पषा जुमिलाराज्यं नि-

६ र्जित्य ।। सम्वत् १८४७ पौषा शुदि १० जाजर्कोट, थपला, दुल्लु, देलेष, अछाम्, डोटि क्माउ:

७. गढवाल श्रीनगर हरीद्वार तस्य ददिान गंगोतरी उतर वद्रि केदार इत्यंतं राज्यं निर्जित्य.

## अनुवाद

श्रीपशुपतिलाई नमस्कार । क्रमैले कलियुग शुरू हुन थालेपछि सारा राजाहरूका शिरपेचका मालाले पाउ सिंगारिएका (राजाहरूले ढोगिएका) ठूला राजाहरूको राज्य चल्न थाल्यो । त्यस वेला हिमालय पहाडको बीच भागमा रहेको, घना जङ्गल भएको भूमण्डलमा (नेपाल-उपत्य-कामा) भृङ्गारेश्वर महादेवको प्रादुर्भाव भयो । अनि गौतम आदि ऋषिहरूले त्यहाँ गौतमेश्वर आदि देवताहरू स्थापना गरे । अनि भृङ्गारेश्वर महादेव श्लेष्मान्तक वनमा विहार गरी रहन लागे ।

'नेप' नाउँका गोपाल भए । तिनको केली गाईले वाग्वतीको तीरमा गई दूधले सेचन गर्न लागी । दूधले सेचन गरिएको त्यस ठाउँमा श्रीपशुपतिनाथ प्रकट भए । ती नेप नाउँ गरिएका गोपालले पशुपतिको प्रतिष्ठा गरे । त्यसपछि गोपालवंशी राजाहरूले क्रमश: राज्य गरे । तिनमा पहिला राजा श्रीभूमिगुप्त भए; वर्ष ८४ । राजा श्रीजयगुप्त; वर्ष ७३ महीना ३ । राजा श्रीपरमगुप्त; वर्ष ८१ राजा श्रीहर्षगुप्त; वर्ष ६७ । राजा श्रीभीमगुप्त; वर्ष ३८ । राजा श्रीमणिगुप्त; वर्ष ३७ । राजा श्रीविष्णुगुप्त; वर्ष ४६ ।। राजा श्रीजयगुप्त; वर्ष ७१ महीना १ ।

यसरी आठजना गोपालवंशी राजा भए । त्यसपछि गोपालहरूलाई जितेर महिषपालहरूले राज्य चलाए । राजा श्रीवरसिंह; वर्ष ४९ । राजा श्रीजयसिंह; वर्ष २१, महीना ७ । राजा श्रीभुवनसिंह; वर्ष ४१ ।

यति गोपाल, महिषपाल राजा भए । त्यसपछि किरांतवंशी राजाहरू भए । राजा श्री एलं; वर्ष ९० । राजा श्रीचंमि ; वर्ष ७९, महीना ३ । राजा श्रीधस्कं; वर्ष ३७ । राजा श्रीवलंच ; वर्ष ३१, महीना ६ । राजा श्रीहृति; वर्ष ४१, महीना १ । राजा श्रीहुमति; वर्ष ५० । राजा श्रीतुस्क ; वर्ष ४१, महीना ८ । राजा श्रीश्रुपस्थ ; वर्ष ३८, महीना ६ । राजा श्रीपव ; वर्ष ५६ । राजा श्रीजितिदास्ति ; वर्ष ६० । राजा श्रीपंच्यं ; वर्ष ७१ । राजा श्रीक्यंक्यं ; वर्ष ५६ । राजा श्रीस्वनंद ; वर्ष ५०, महीना ८ । राजा श्रीथुंको ; वर्ष ५८ । राजा श्रीगीघृ ; वर्ष ६०, महीना २ । राजा श्रीजन्य ; वर्ष ७३, महीना २ । राजा श्रीलुकं ; वर्ष ६०, महीना १ । राजा श्रीथोर ; वर्ष ७१ । राजा श्रीथोक्को ; वर्ष ८३ ।। राजा श्रीवर्म्म वर्ष ७३, महीना ६ । राजा श्रीगुंज ; वर्ष ७२ महीना ७ । राजा श्रीपूस्कं ; वर्ष ८१ । राजा श्रीत्यस्नु ; वर्ष ५६ । राजा श्रीभुग्मं ; वर्ष ५८ । राजा श्रीसस ; वर्ष ६३ । राजा श्रीगनं ; वर्ष ७४ । राजा श्रीखिंबु ; वर्ष ७४ । राजा श्रीगलिजं ; वर्ष ८१ ।

यति किरात राजाहरू भए । यसपछि सूर्यवंशको उत्पत्तिबारे बताइन्छ ।

प्रलयकालमा भगवान् विष्णुको नाइटोको कमलबाट ब्रह्माको प्रादुर्भाव भयो । ब्रम्हाका छोरा मरीचि भए । मरीचिका छोरा कश्यप भए । कश्यपका छोरा भगवान् सूर्य भए । सूर्यका छोरा मनु भए । मनुका छोरा ककुत्स्थ भए । ककुत्स्थका छोरा वेणु भए । वेणुका छोरा पुष्य भए । पुष्यका छोरा अनरण्य भए । अनरण्यका छोरा पृथु भए । पृथुका छोरा त्रिशङ्कर भए । त्रिशङ्करका छोरा धुन्धुमार भए । धुन्धुमारका छोरा पवनाश्व भए । पवनाश्वका छोरा मान्धाता भए । मान्धाताका छोरा सुसन्धि भए । सुसन्धिका छोरा धृतिसन्धि भए । धृतिसन्धिका छोरा भरत भए । भरतका छोरा असित भए । असितका छोरा सगर भए । सगरका छोरा असमन्ज भए । असमन्जका छोरा अंशुमान् भए । अंशुमान्का छोरा दिलीप भए । दिलीपको छोरा भगीरथ भए । भगीरथका छोरा ककुत्स्थ भए । ककुत्स्थका छोरा रघु भए । रघुका छोरा कल्माषपाद भए । कल्माषपादका छोरा शङ्खण भए । शङ्खणका छोरा समुद्रसेन भए । समुद्रसेनका छोरा अग्निवर्ण भए । अग्निवर्णका छोरा श्रीगर्ग भए । श्रीगर्गका छोरा पशुश्रुत भए । पशुश्रुतका छोरा अम्बरीष भए । अम्बरीषका छोरा नहुष भए । नहुषका छोरा चनाभाग भए । चनाभागका छोरा अज भए । अजका छोरा भगीरथ भए । भगीरथका छोरा दशरथ भए । दशरथका छोरा राम भए । रामका छोरा लव, कुश भए । लव र कुशका पनि सन्तान यसै गरी भए ।

यी अयोध्याका राजाहरू हुन् । अनि इक्ष्वाकु कुलमा विशाल भए । विशालका छोरा हेमचन्द्र भए । हेमचन्द्रका छोरा सुचन्द्र भए । सुचन्द्रका छोरा धूम्राश्व भए । धूम्राश्वका छोरा श्रृन्जय भए । श्रृन्जयका छोरा सुवर्णखनि भए । सुवर्णखनिका छोरा कृशाश्व भए । कृशाश्वका छोरा सोमदत्त भए । सोमदत्तका छोरा वंशजन्मेजय भए । उनका छोरा प्रमिति भए । प्रमितिका छोरा मतिमान् भए । मतिमान्का छोरा ---

यी राजाहरू विशालनगरीमा भएका हुन् । अनि सूर्यवंशको प्रभावले नेपालमा किरात राजाहरूलाई जितेर (लिच्छविवंशका राजा भए ।) राजा श्रीनिमिषकाल; वर्ष ५० । राजा श्रीमकरान्त ; वर्ष ६१ । राजा श्रीकाकवर्मा ; वर्ष ७६ । राजा श्रीसुपुष्पदेव ; वर्ष ५६ । तिनले नेपालमा वर्णव्यवस्था चलाए । राजा श्रीभास्करवर्मा ; ७४ वर्ष । राजा श्रीभूमिवर्म वर्ष ५१ । राजा श्रीचन्द्रवर्मा ; वर्ष २१ ।। राजा श्रीजयवर्मा ; वर्ष ६७ । राजा श्रीवर्षवर्मा ; वर्ष ५५ । राजा श्रीशर्ववर्मा ; वर्ष ४८ । राजा श्रीपृथ्वीवर्मा ; वर्ष ७६ । राजा श्रीज्येष्ठवर्मा ; वर्ष ६८ । राजा श्रीकुबेरवर्मा ; वर्ष ७५ । राजा श्रीहरिवर्मा ; वर्ष ४६ । राजा श्रीसिद्धिवर्मा ; वर्ष ६१ । राजा श्रीहरिदत्तवर्मा ; वर्ष २६ । राजा श्रीवसुदत्तवर्मा ; वर्ष ३३ । राजा श्रीपति ; वर्ष ३५ । राजा श्रीशिववृद्धिवर्मा ; वर्ष ७७ । राजा श्रीवसन्तदेववर्म्मा ; वर्ष ६१ । राजा श्रीशिवदेववर्मा वर्ष ५७ ।

राजा श्रीवृषदेववर्मा ; वर्ष ५७ । तिनले स्वयम्भू महाचैत्य भट्टारकको प्रतिष्ठा गरे । राजा श्रीशंकरदेव ; वर्ष ५० । राजा श्रीधर्मदेव ; वर्ष ५१ । त्यसपछि त्यस वंशमा नजन्मेका (अर्कै कुलमा जन्मेका) धर्मपुत्र पालिएका राजा श्रीमानदेव भए ; वर्ष ३६ । ... तिनले मानविहार बनाए । श्रीराजधानी रूपको मानगृह बनाए । मानगृह दुइटा ठूला पोखरी भएको, चारतिर.... ले घेरिएको थियो । राजा श्रीमहीदेव ; वर्ष ५१ । राजा श्रीवसन्तदेव ; वर्ष ५६ । राजा श्रीउदयदेव ; वर्ष ४७ । राजा श्रीमनुदेव ; वर्ष ४५ । राजा श्रीगुणकामदेव ; वर्ष ५० । राजा श्रीशिवदेव ; वर्ष ४१, महीना ६ । राजा श्रीनरेन्द्रदेव ; वर्ष ३४ । तिनले पशुपतिनाथलाई अनेक रत्नहरू भएको विचित्रको कोष चढाए ।

---

१. मूलमा भास्करवर्मादेखि वसन्तदेववर्मा सम्मका राजाका नाम सार्दाको असावधानीले गर्दा दोहरिएका छन् । यहाँ अनुवादमा दोहरिएका ती नाम छोडिएका छन् ।

त्यसपछि सूर्यवंशीलाई जितेर फेरि गोपालवंशीले राज्य गरे । राजा जिष्णुगुप्त वर्ष ७४ । राजा श्रीविष्णुगुप्त ; वर्ष ६१ । राजा श्रीभूमिगुप्त ; वर्ष ४५

अनि फेरि सूर्यवंशीहरूले राज्य गरे । राजा श्रीशिवदेव ; वर्ष ४१ । तिनका भानिज राजा अंशुवर्मा ; वर्ष ५३ । उनले व्याकरण आदि शास्त्र बनाए । उनका छोरा राजा श्रीमानवर्मा । त्यसपछि गौडका राजा नेपाल आई नेपालमा विहार स्थापना गरे ; उनको कार्यकाल १० वर्ष । राजा श्रीकृतवर्मा ; वर्ष १८ । राजा श्रीभीमार्जुनदेव ; वर्ष ३७ । राजा श्रीनन्ददेव ; वर्ष १३ । राजा श्रीशिवदेव ; वर्ष १६ । उनले भिक्षुहरूलाई सुख दिई राखे । शास्त्रार्थ आदि पनि गराइयो । राजा नरेन्द्रदेव ; वर्ष ३३ । राजा श्री बलदेव ; वर्ष १७ । राजा श्रीशङ्करदेव ; वर्ष १२ । राजा श्रीवर्द्धमानदेव, वर्ष १६ । राजा श्रीशङ्करदेव ; वर्ष १२ । राजा श्रीभीमार्जुन ; वर्ष १६ । राजा श्रीजयदेव ; वर्ष १८ । राजा श्रीवलदेव ; वर्ष १६ । पछि उनले भोटमण्डलमा आफ्नो राज्य चलाए । राजा श्रीरूद्रदेव ; वर्ष २७ । उनले फेरि भोटान्तसम्म निष्कण्टक राज्य गरे । राजा श्रीजयदेव वर्ष ४२, महीना ११ । राजा श्रीबलदेव ; वर्ष ११ । राजा श्रीबालार्जुनदेव ; वर्ष ३६, महीना ७ । राजा श्रीमानदेव ; वर्ष ३६ । उनले वल्वनादं तवर्निको प्रतिष्ठा गरे ।

राजा श्रीराघवदेव ; वर्ष ६३, महीना ८ । राजा श्रीशङ्करदेव ; वर्ष १८, महीना ६ । राजा श्रीसहदेव ; वर्ष ३३, महीना ९ । राजा श्रीविक्रमदेव ; वर्ष १ । राजा नरेन्द्रदेव, वर्ष १, महीना ६ । राजा श्रीगुणकामदेव ; वर्ष ८५, महीना ६ । उनले पशुपतिनाथलाई एघाह्रवटा कोश चढाए । राजा श्रीउदयदेव ; वर्ष ६ । राजा श्रीनिर्भयदेव ; वर्ष ५ । राजा श्रीभोजदेव र रूद्रदेव ; वर्ष ९, महीना ७ । भोजदेवले श्रीमण्डप नाश गरे । राजा श्रीलक्ष्मीकामदेव ; वर्ष २१ । उनले संवत् ...मा राष्ट्रमा शान्ति गरे । राजा जयदेव ; वर्ष ७० । उनले ललितपुर राज्यलाई आधा आधा पारे; वर्ष १० । राजा श्रीभास्करदेव र जयदेव दुवै राजा भए ; वर्ष ७, अहीना ४ । ती भास्करदेवले बाबुको शिरपेच बेचे । राजा श्रीबलदेव ; वर्ष १२ । राजा श्रीपद्मदेव ; वर्ष ६ । राजा श्रीनागार्जुनदेव ; वर्ष ३ । राजा श्रीशंकरदेव ; वर्ष १७ । उनले देवमन्दिर पूरा बनाए । राजा श्रीवामदेव ; वर्ष ३ । राजा हर्षदेव ; वर्ष १६ । राजा श्रीशिवदेव वर्ष २७, महीना ७ । राजा श्रीइन्द्रदेव ; वर्ष १२ । राजा श्रीमानदेव ; वर्ष ४, महीना ७ । राजा श्रीनरेन्द्रदेव ; वर्ष ६, महीना ४ । राजा श्रीआनन्ददेव ; वर्ष २० । ने.सं. २६७ पौष कृष्ण त्रयोदशी शुक्रवारको दिन श्रीआनन्ददेवको पुष्पाभिषेक गरिएको हो । पुष्पाभिषेक गरिएको हुनाले राज्यमा तुषारो पऱ्यो । राजा श्रीरूद्रदेव ; वर्ष ८, महीना १ । राजा श्रीअमृतदेव वर्ष ३, महीना ११ । यिनको राज्यकालमा ठूलो अनिकाल पऱ्यो । ने.सं. २९९ मा उनको मृत्यु भयो । राजा श्रीसोमेश्वरदेव वर्ष ६, महीना ३ । राजा श्रीविजयकामदेव ; वर्ष ५०, महीना ७ ।

राजा श्रीअरिमल्लदेव ; वर्ष ३१, महीना ९ । राजा श्रीअभयमल्लदेव ; वर्ष ४८, महीना २ । उनको राज्यकालमा महामारी फैलियो ; पानीनपरी अनावृष्टि भयो ; अनिकाल पऱ्यो ; प्रजाहरू मरे ; भूकम्प भयो ; छत्रभङ्गको खतरा भयो । ने.सं. ३७५ आषाढ शुक्ल द्वितीया सोमवार पुनर्वसु नक्षत्रमा । राजा श्रीजयदेव ; वर्ष २, महीना ७ । राजा श्रीअनन्तमल्लदेव ; वर्ष ३२, महीना १० । नेपालका युवराजकी पत्नी विरमदेवीले सोमेश्वर्मा देवमन्दिर बनाउन लाइन् । फेरि चाँगुनारायणको मन्दिर बनाउन लाइन् ; र ध्वजा चढाइन् । फेरि इन्द्रकूटको स्थापना गरिन् र ध्वजा चढाइन् । विरमदेवी जयशक्तिकी आमा हुन् । त्यसपछि जयानन्ददेव राजा भए । वर्ष ... । पछि जयतुङ्गमल्लका छोरा श्रीजयरूद्रमल्लदेवले आफ्नो

प्रभुत्वद्वारा आफ्ना नातेदार श्रीजयारिमल्ल देवलाई पुष्पाभिषेक गराई राजालाई भोग मात्र दिए ; सारा शासनाधिकार आफ्नो हातमा लिए ।

त्यसपछि नेपाल उपत्यकामा आदित्यमल्ल पसे ; ने.सं. ४४८ चैत्र शुक्ल पूर्णिमाको दिन ललितपुरमा दण्ड गरियो । (दण्डको रूपमा प्रजासँग पैसा उठाइयो ।) यसपछि पूर्वतिरबाट सुल्तान शमसुद्दिन नेपालमा पसे ।

अब वंशावली लेखिन्छ । शकसंवत् १०१६ (वि.सं.११५४) श्रावण शुक्ल द्वितीया शनिश्चरवार स्वातिनदात्र रिपुपर्द लग्नमा श्रीनान्यदेव राजाले (राजधानीको) जग हाले । राज्यसंस्थापक नान्यदेव भए । अनि उनका छोरा श्रीगाङ्०देव राजा भए । उनका छोरा राजा नरसिंहदेव भए । अनि रामसिंह भए । उनका छोरा भवसिंह भए । अनि कर्म सिंह भए । उनका छोरा कार्णाट राजामा श्रेष्ठ हरसिंहदेव भए । शकसंवत् १२४५ (वि.सं. १३८०) पौष शुक्ल नवमी शनिवारमा हरसिंहदेव दुर्भाग्यले गर्दा आफ्नो देश छोडी पहाडतिर पसे ।

समुद्रबाट चन्द्रमा जस्तै हरसिंहदेवबाट वल्लालसिंह जन्मे । उनीबाट ठूलो महिमा भएका श्रीदेवमल्ल राजा भए । अनि उनीबाट नागमल्ल भए । उनका छोरा प्रतापी धर्मात्मा अशोकमल्ल भए । उनका छोरा जयस्थितिमल्लदेव भए । तिनबाट राजा जययदामल्ल भए । उनी नाउं चलेका र प्रतापी थिए । उनका छोरा रायमल्ल भए । उनका छोरा नाउं चलेका भुवनमल्ल भए । उनबाट दानी श्रीप्राणमल्ल,उनका छोरा विश्वमल्ल भए । उनका छोरा त्रैलोक्यमल्ल राजा भए । समुद्रबाट चन्द्रमा जस्तै, सूर्यबाट घाम जस्तै, उनबाट कर्ण जस्ता अर्जुन जस्ता गुणी विद्या जान्ने राजामा श्रेष्ठ भएका श्रीजगज्ज्योतिर्मल्ल भए । ... ... ...उनका (जगत्प्रकाशमल्लका) छोरा सुमति श्रीजयजितामित्रमल्ल भए । उनका छोरा श्रीभूपतीन्द्रमल्ल भए । उनका छोरा श्रीरणाजितमल्ल भए । उनले ४८ वर्ष राज्य गरे । पहिले सप्तकोशीसम्म राज्य गरे ; पछि बुढेसकालमा काशीवास गर्न गए । उहीं उनको मृत्यु भयो ।

ने.सं. ८६० (वि.सं.१८२६) कार्तिक शुक्ल एकादशीको दिन गोरखाका राजा (पृथ्वीनारायण शाह) बाह्र हजार भक्तपुरमा प्रवेश गरे । चन्द्रवंशी महाराज श्री ५ पृथ्वीनारायण शाह वहादुर शमशेर जङ०देवले श्रीरणाजितमल्ल, श्रीजयप्रकाशमल्ल, श्रीतेजनरसिंहमल्ल तीन राजालाई जिती काष्ठमण्डप, ललितपत्तन, भक्तपत्तन तीन शहर दखल गरे । अनि सप्तकोशी र सप्तगण्डकीसम्म राज्य गरे । धेरै राजालाई जिती राज्य गरे । वर्ष ४२ । श्रीपृथ्वीनारायण शाहका छोरा श्रीप्रतापसिंह शाह वहादुर शमशेरजङ०देवले २ वर्ष, ११ महीना राज्य गरे । अनि शकसंवत् १६९९ (वि.सं. १८३४) मार्ग कृष्ण तृतीयाको दिन उनका छोरा श्रीरणबहादुर शाह शमशेर जङ०देव राजा भए । उनले श्रीहरकुमारदत्तसेन आदिलाई जिती काली गण्डकीसम्म राज्य गरे । वि.सं. १८४७ पौष शुक्ल दशमीको दिनसम्ममा जाजरकोट, थपला दुल्लु दैलेख अछाम डोटी कुमाउ गढवाल श्रीनगर हरिद्वार, त्यसको दक्षिण गङ्०तरी उत्तर बद्री केदारसम्म राज्य जिते ।

टिप्पणीहरू -

१. धनवज्र वज्राचार्य, 'लिच्छविकालका अभिलेख', त्रि० वि० नेपाल र एशियाली अध्ययन संस्थान, काठमाडौं, वि.सं. २०३०, पृ.१-६००
(यस ग्रन्थमा १९० वटा अभिलेख परेका छन् । यसमा नपरेका अरू आठवटा लिच्छविकालका अभिलेख प्राप्त भइसकेका छन् ।)
२. 'लिच्छविकालका अभिलेख' पृ.५६०
३. 'लिच्छविकालका अभिलेख' पृ.५८१,५८८,५९१,५९५,५९९
४. 'सम्यक्पूजा' प्रसङ्गमा मेला गराइने सयौं दीपङ्करका धातुका मूर्तिहरूमध्ये निकै मध्यकालको शुरूमै बनेका देखिएका छन् । यस्तै गरी यसताकाका अरू धातुका मूर्तिहरूलाई पनि यस प्रसङ्गमा औंल्याउन सकिन्छ ।
५. 'लिच्छविकालका अभिलेख' पृ.४७५
६. रामजी तेवारी र अरू, 'ऐतिहासिक पत्रसंग्रह' दोस्रो भाग, नेपाल सांस्कृतिक परिषद्, काठमाडौं, वि.सं.२०२१, पृष्ठ १, १७-१८, २२-२४, ४४-४५,
७. पशुपतिनाथको भण्डारमा यक्षमल्लभन्दा यताका ताम्रपत्रहरू मात्र छन् । त्यसभन्दा अघिका ताम्रपत्रहरू कारणवश लुप्त भएको स्पष्ट छ ।
८. शिवदेव र आनन्ददेवको पालाका उपत्यकाबाहिर लेखिएका दुइ ताम्रपत्र हाले पाइएको सूचनाले यस कुराको सम्भावना झन् बढी देखापरेको छ ।
९. दिनेशराज पन्त, 'पूर्णिमा' ३० पूर्णाङ्क, संशोधनमण्डल, काठमाडौं, वि.सं. २०३० पृ.१३५-३८,(यस निबन्धमा मूल वाक्यको उद्धरणसाथ 'द्वैराज्य' पद्धतिको परिचय दिइएको छ ।)
१०. कौटलीय अर्थशास्त्र, ८ अधिकरण, २ अध्याय,
११. 'लिच्छविकालका अभिलेख' पृ.४०३,४५३,
१२. राहुल साङ्कृत्यायन, 'संस्कृत पामूलीफ् म्यान्युस्क्रिप्ट्स् इन् टिबेट', जर्नल् अफ् द विहार यॉन्ड् ओरिसा रिसर्च् सोसाइटि, वर्ष २३, पृ.२९
१३. संशोधनमण्डल, 'इतिहास-संशोधनको प्रमाण प्रमेय' जगदम्बाप्रकाशन, ललितपुर, वि.सं. २०१९, पृ.४
१४. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, 'दोलखाको ऐतिहासिक रूपरेखा', त्रि० वि० नेपाल र एशियाली अध्ययनसंस्थान, काठमाडौं, वि.सं.२०३१, पृ.२९,
१५. उही, पृ.९०
१६. सेसिल बेन्डाल, 'क्याटलग् अफ् द बुद्धिस्ट संस्कृत म्यान्युस्क्रिप्ट्स् इन् दि युनिभर्सिटि लाइब्रेरि क्याम्ब्रिज्, ई.सं. १८८३, पृ. ३-४
१७. रामजी तेवारी र अरू 'अभिलेख संग्रह' नवौं भाग, संशोधनमण्डल, काठमाडौं, वि.सं. २०२०, पृ. २४-२५
१८. लुशियानो पेटेक, 'मेडिइभल हिस्ट्रि अफ् नेपाल', रोम, ई.सं. १९५८, पृ.३६
१९. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ,'नुवाकोटको ऐतिहासिक रूपरेखा' त्रि० वि० नेपाल र एशियाली अध्ययन संस्थान, काठमाडौं, वि.सं.२०३२, पृ. २८-२९
२०. संशोधनमण्डल, 'इतिहाससंशोधनको प्रमाणप्रमेय' पृ.१३४
२१. डिल्लीरमण रेग्मी, 'मेडिइभल नेपाल' भाग १, पृ ४३२
२२. 'इतिहास-संशोधनको प्रमाण प्रमेय' पृ.१३३,१३७
२३. उही, पृ.१३३-४४, ४-१७,
२४. 'दोलखाको ऐतिहासिक रूपरेखा' पृ.३१-३३

२५. उही, पृ.३३-३५, ६८
२६. 'इतिहास-संशोधनको प्रमाणप्रमेय' पृ.३,१२-१५
२७. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल, 'ऐतिहासिक पत्रसंग्रह' पहिलो भाग, नेपाल सांस्कृतिक परिषद्, काठमाडौं, वि.सं. २०१४, पृ. ३२-३५,
२८. 'दाल्खाको ऐतिहासिक रूपरेखा' पृ.४४,१२३-२४
२९. कर्णालीप्रदेशका नागराजका वंशज शासकहरूमा जितारिमल्लपछि उनका छोरा र भतिजामा उत्तराधिकारी क्रमको लागि जुन गडबडी देखापरेको छ; त्यसमा पनि यही 'द्वैराज्य' पद्धतिले असर पारेको संकेत पाइएको छ । त्यस विषयमा पछि अन्त विचार गरिनेछ ।

३०. 'नुवाकोटको ऐतिहासिक रूपरेखा' १८-१९
३१. 'लिच्छविकालका अभिलेख' पृ.५७३
३२. उही, पृ. ३०६-१३
३३. 'नुवाकोटको ऐतिहासिक रूपरेखा' पृ.१८-२१
३४. यस ग्रन्थको परिचय माथि दिइसकेको छ । 'मेडिइभल हिस्ट्रि अफ् नेपाल' पृ.३३
३५. लुशियानो पेटेक 'मेडिइभल हिस्ट्रि अफ् नेपाल' पृ.५०
३६. उही, पृ.६४
३७. उही, पृ.५०
३८. गौतमवज्र वज्राचार्य, 'पूर्णिमा' २ पूर्णाङ्क, संशोधन-मण्डल, वि.सं. २०२१, पृ.४४

३९. यो अभिलेख यसै निबन्धमा तल दिइएको छ ।
४०. मरी शेपर्ड स्लसर, 'अन् द ऐन्टिक्विटि अफ् नेपलिज् मेटल क्राफ्ट' आर्काइभ्स् अफ् एशियन आर्ट, अं २९ ई.सं. १९७५-७६, पृ.८५
४१. डिल्लीरमण रेग्मी, 'मेडिइभल नेपाल' भाग १, पृ.१७८
४२. उही, पृ.१७८
४३. शङ्करमान राजवंशी, 'सेनवंशावली' वीरपुस्तकालय, श्री ५ को सरकार पुरातत्व-विभाग, काठमाडौं, वि.सं. २०२०, पृ.२३
४४. 'मेडिइभल् हिस्ट्रि अफ् नेपाल' पृ.५३
४५. उही, पृ.७२
४६. उही पृ.७२
४७. उही पृ.५३,७२-७३
४८. शङ्करमान राजवंशी, 'भक्तपुरका मल्लराजासँग सम्बन्ध राख्ने धर:पौ' पूर्णिमा १३ पूर्णाङ्क, संशोधनमण्डल, काठमाडौं, वि.सं. २०२४, पृ.१२
४९. हरिभक्त खोजु श्रेष्ठको संग्रहमा ती ताडपत्रहरू छन् ।

५०. 'मेडिइभल नेपाल' भाग १, पृ.२०७
५१. 'मेडिइभल हिस्ट्रि अफ् नेपाल' पृ.४४
५२. उही, पृ.४८
५३. उही, पृ.५८
५४. 'अभिलेख-संग्रह' नवौं भाग, पृ.२७
५५. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा यो सम्पादित भएको हो ।
५६. 'मेडिइभल हिस्ट्रि अफ् नेपाल' पृ.७३-७४

५७. डिल्लीरमण रेग्मी 'मेडिइभल नेपाल' भाग ३, पृ.६
५८. 'अभिलेख-संग्रह' नवौं भाग, पृ.१४
५९. 'पूर्णिमा' ५ पूर्णाङ्क०, पृ.११
६०. 'लिच्छविकालका अभिलेख' पृ.५६६
६१. तत तश्चात् गोपालमहिषपाल निर्ज्जित्य: किरातराज प्रवर्तत:
(गोपालराजवंशावली १७ पत्रबाट)
६२. 'अथ: सूर्यवम्सप्रभावात् नेपाले किरातराजा निर्ज्जित्य लिच्छवीवंस प्रवर्तत:।।'
(गोपालराजवंशावली १९ पत्रबाट)
६३. ' तत पश्चात्सूर्यवंश निर्ज्जित्य: पुन गोपालवंसेन: प्रभावाद् राज कृतम्'
(गोपालराजवंशावली २१ पत्रबाट)
६४. 'मेडिइभल् हिस्ट्रि अफ् नेपाल' पृ.२१३
६५. 'लिच्छविकालका अभिलेख' पृ.२६०
६६. उही, पृ.२२३-२४
६७. एकातिर 'वृष' र अर्कोतिर 'शिव' अङ्कित यस्ता साना मुद्राहरू श्रीहेमराज शाक्यज्यूको संग्रहमा छन् । तिनमा अङ्कित लिपि अंशुवर्माको ताकाको र त्यसपछिको रहेको छ ।
६८. 'मेडिइभल नेपाल' भाग १, पृ.१०५
६९. डेनियल राइट् 'हिस्ट्रि अफ् नेपाल' दोस्रो संस्करण (कलकत्तासंस्करण), पृ.७९
७०. 'मेडिइभल नेपाल' भाग ३, पृ.१५ । मूलबाट पढी हामीले यस अभिलेखको बढी शुद्ध पाठ पढेका छौं । 'मध्यकालका अभिलेख'मा व्याख्यासहित सो परेको छ ।
७१. 'अभिलेख-संग्रह' दोस्रो भाग, पृ.११
७२. धनवज्र वज्राचार्य र जगदीशचन्द्र रेग्मी, 'एपिग्राफिक सर्भे रिपोर्ट' त्रि०वि० नेपाल अध्ययन संस्थान, वि.सं. २०२९, पृ ३
७३. 'लिच्छविकालका अभिलेख' पृ.५५६-५७
७४. उही, पृ. २९६, ४३४,
७५. 'ऐतिहासिक पत्र संग्रह' दोस्रो भाग, पृ.४५
७६. 'लिच्छविकालका अभिलेख' ४०४
७७. उही, पृ.४५८
७८. 'अभिलेख-संग्रह' नवौं भाग, पृ.२४
७९. 'इतिहास-संशोधनको प्रमाणप्रमेय' पृ.१२-१३,१६
८०. लिच्छविकालका अभिलेख' पृ.५४४
८०(क) 'इतिहास संशोधनको प्रमाणप्रमेय' पृ.४-६
८१. लिच्छविकालका अभिलेख पृ.५८१
८२. लिच्छविकालका अभिलेख' पृ.१७५,१७७,४७२
८३. शिवदेव, आनन्ददेवका पालाका अभिलेखबाट हामी यो कुरा थाहा पाउँछौं । विशेष गरेर हाल राष्ट्रिय संग्रहालय छाउनीमा रहेको ने.सं. २९२को अभिलेखबाट उक्त कुराको पुष्टि हुन्छ । सो अभिलेख प्रौढ संस्कृतपद्यमा लेखिएको छ । भारतबाट विद्वान्हरू यहाँ आईरहन लागेको उल्लेख त्यस अभिलेखमा परेको छ ।
८४. यस ग्रन्थको परिचय माथि दिइसकिएको छ ।
८५. 'राजा श्रीगुणकामदेव वर्ष ८५ मा ६ तेन श्रीपशुपतिभटारकाय एकादश कोष संप्रदत्ता । तत्रैव मीशान्येस्वर भटारकस्य ताम्रसंखलासंछादनं कृता ।। तत्रैव दीर्घ चोपाढ्री कृता: तत्रैव स्ववर्ण्णपनाली कृता: कोटि होम पूर्ण्णां कृतम् ।।' (२३ पत्रबाट)
(परिशिष्टमा दिइएको 'संक्षिप्त गोपालवंशावलीमा पनि यो वर्णन परेको छ)
८६. डेनियल राइट्, 'हिस्ट्रि अफ् नेपाल' दोस्रो संस्करण (कलकत्तासंस्करण), प ६१-६२

८७. दोलखाको ऐतिहासिक रूपरेखा पृ.३-४
८८. अभिलेखयुक्त यो धातुमूर्ति हाल अमेरिका, न्यूयोर्कमा ज्याक जिम्मरम्यानको संकलनमा रहेको छ ।
मेरी शेपर्ड स्लसर, 'अनु द ऐन्टिक्विटि अफ् नेपलिज् मेटल क्राफ्ट', आर्काइभ्स् अफ् एशियन आर्ट, अङ्क २९, ई.सं.१९७५-७६, पृ.८४-८५
८९. यसको चर्चा माथि परिसकेको छ ।
९०. परिशिष्टमा दिइएको 'संक्षिप्त गोपालवंशावली'मा यसको वर्णन परेको छ ।
९१. 'आर्काइभ्स् अफ् एशियन आर्ट' अङ्क २९, पृ.८८
९२. यसको उल्लेख माथि गरिसकिएको छ ।
९३. परिशिष्टमा दिइएको 'संक्षिप्त गोपालवंशावली'मा यस कुराको वर्णन परेको छ ।
९४. मोहनप्रसाद खनाल, 'मध्यकालीन अभिलेख', काठमाडौं, वि.सं.२०३०, पृ.७९
९५. 'लिच्छविकालका अभिलेख' पृ.५०-५१, ५५-५६, ४३१
९६. उही, पृ.५०
९७. उही, पृ.२४६
९८. उही, पृ.४-६
९९. 'मेडिइभल हिस्ट्रि अफ् नेपाल' पृ.२१३-२१७
१००. यसको मूल प्रति हाल मेरो संग्रहमा रहेको छ ।

